नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



राजीनामा नदिँदै मन्त्री साहले लिए शपथ
पृष्ठ ३ मा

वर्ष १ | अंक ४४ | २०७९ साल पुस ८ गते शुक्रबार | Friday 23, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

## शपथको टुंगो छैन, ल्यापटप दिने तयारी

मधेशदृष्टि
जनकपुरधाम, पुस ७।

मधेश प्रदेशका निर्वाचित प्रदेशसभा सदस्यहरुको शपथ ग्रहणको टुँगो छैन, तर प्रदेश सभाले ल्यापटप दिने तयारीमा जुटेका छन ।

प्रदेशसभा सदस्यहरुले शपथ ग्रहण गरेसँगै प्रदेशसभाको एक/एक थान लोगो र संविधान सहित ल्यापटप दिने तयारी प्रदेश सभाको रहेको छ । प्रदेश सभाका सचिव रञ्जित यादले भने शपथ ग्रहण गरे लगतै लोगो र संविधान एक/एक थान दिनेछौं, त्यसको एक महिनापछि ल्यापटप माननीयज्यूहरुलाई दिने कार्यक्रम रहेको छ ।




उनले भने शपथ ग्रहण गरेको एक महिनापछि प्रदेशसभा सदस्यहरुलाई ल्यापटप वितरणको तयारी हाम्रो रहेको छ, त्यसका लागि टेण्डर समेत भइसकेको छ । खरीद प्रक्रिया पुरा भएपछि ल्यापटप हस्तान्तरण गर्ने हो । प्रदेश सभाले यसअघि पनि प्रत्येक प्रदेशसभा सदस्यहरुलाई ल्यापटप खरिद गरेर वितरण गरेको थियो। प्रदेशसभाले प्रतिनिधित्व गर्ने सबै प्रदेशसभा सदस्यहरुलाई डेल कम्पनीको १ लाख १७ हजार ९७५ रुपैयाँ भ्याटबाहेक रकम बराबरको ल्यापटप किनेर प्रदेशसभा सदस्यहरुलाई ल्यापटप वितरण गरेको थियो । ३ वर्षको 'वारेन्टी' शर्तनामा राखेर खरिद प्रक्रिया अनुसार नै १ सय १८ वटा ल्यापटप र १ थान सर्भर किनिएको थियो । सबै जोड्दा प्रदेशसभाको १ करोड ५९ लाख रुपैयाँ खर्च भएको थियो । पहिलाका सांसदहरुसँग पुरानो ल्यापट फिर्ता लिइएको छ । ३ वर्षको म्याद भएको कारण फिर्ता नलिइएको सचिव यादवले बताए ।

प्रदेशसभा सदस्यहरुलाई दोश्रो पटक ल्यापटप दिन लागिएको हो ।

### शपथ ग्रहण अन्यौल

प्रदेश सांसदहरुले शपथ ग्रहण कहिले लिने कुरा अन्यौल रहेको छ। प्रदेशमा दलका नेता चयन हुन नसकेको कारण र सचिवालयको बैठक बस्न नसक्दा प्रदेश सांसदहरुले कहिले शपथ ग्रहण गर्ने अन्यौल बनेको हो । प्रदेश सभा सचिव यादवले भने प्रदेश सभाको आग्रहमा प्रदेश प्रमुखले पहिला ज्येष्ट सदस्यलाई शपथ गराउने हो, त्यसपछि ती सांसदले अन्य सांसदहरुलाई शपथ गराउने प्रक्रिया हो । ती प्रक्रिया प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुको सहमतिमा पुरा गर्ने हो । तर अहिलेसम्म दलहरुले नेता चयन गर्न सकेको छैन र सचिवालयको बैठक पनि बस्न नसक्दा ढिलाई हुन गएको हो ।



उनले भने दलहरुले नेता चयन गर्न सकेको छैन, हामी बैठकमा सहभागी हुन कसलाई बोलाउने, तर अब ढिला हुँदै गएको कारण आइतवार बैठकका लागि दलका प्रादेशिक समितिहरुलाई आफ्ना प्रतिनिधि सांसदलाई पठाई दिन पत्राचार गर्नेछौं । सो बैठकबाट सबै दलका सहमति अनुसार मितितिथि सहित प्रदेश प्रमुखलाई ज्येष्ट सदस्यको शपथ ग्रहणका लागि आग्रह गर्नेछौं ।

### सिके राउत विरुद्ध उनकै क्षेत्रमा विरोध

## मधेशी भाषामा सपथ लिएकोमा आपत्ती

विनय कर्ण ।
सप्तरी, ७ पुष । जनमत पार्टीका अध्यक्ष डा. सिके राउत विरुद्ध उनकै क्षेत्रमा विरोध प्रदर्शन तथा नारावाजी भएको छ ।

सप्तरीको राजविराजमा बिहीबार साँझ डा. सिके राउतको सपथ बदर हुनुपर्ने माग गर्दै राउत विरुद्ध नारावाजी सहित प्रदर्शन भएको हो ।

मैथिली साहित्य परिषद् र मिथिला नाट्य कला प्रतिष्ठान (मिलाफ) ले संयुक्त रुपमा डा. राउतले संसद भवनमा मधेशी भाषा भन्दै लिएको सपत प्रति आपत्ती जनाउँदै दुवै संस्थाका पदाधिकारी तथा सदस्यहरुले राजविराज स्थित नेता चौकमा राउत विरुद्ध प्रदर्शन गरेका हुन् ।



प्रदर्शनकारीहरुले राउतको विरुद्धमा नारावाजी गर्दै पुतला दहन गर्नुका साथै उनी विरुद्धँ कोण सभा समेत गरेको छ । राउत मंसिर ४ को निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका थिए । उनकै क्षेत्रमा उनी विरुद्ध पहिलो पटक नारावाजी र प्रदर्शन भएको हो ।

मैथिली साहित्य परिषद् सप्तरीका पुर्व अध्यक्ष देवेन्द्र मिश्रले मधेशी भाषा कत्तै उल्लेख नरहेको अवस्थामा जनताको सर्वोच्च निकाय संसद सचिवालयले मधेश भाषा भनेर डा. राउत र उनका पार्टीका अन्य साँसदले सपथ गराउनु संविधान विपरित भएको बताए । राउतको यस्तो व्यवहारबाट समग्र मैथिली भाषीको भावनामा ठेस पुगेको बताउँदै संसद सचिवालयले राउतको् सपथलाई अवैध ठहर गरी संविधानले तोकेको मातृभाषामा सपथ गराउन मिश्रले माग गरेका छन् ।

मैथिली भाषा भाषी बाहुल्यता रहेको क्षेत्रबाट प्रतिनिधिसभामा चुनाव जितेका राउतलाई नेपालको कुनै अधिकारिक दास्तवेजमा उल्लेख नरहेको मधेशी भाषाको नाम दिएर सपत लिनु असंवैधानिक भएको मिलाफका सचिव विद्यानन्द वेदर्दीले बताए ।

"डा राउतले संविधान कानुन विपरित जवरजस्ती मधेशी भाषा भनेर संसद सचिवालयमा दर्ता गराएको निवेदन नै संविधान सम्वत छैन" सचिव वेदर्दीले भने, "उनको सपथ बदर गरी मातृभाषामा सपथ गराउनु पर्छ ।"

मैथिली भाषामा भोट र मैथिली भाषीलाई चोट दिने काम डा. राउतले गरेको" सचिव वेदर्दीको भनाई छ । मिलाफका अध्यक्ष रमिला साहको अध्यक्षतामा आयोजित कार्यक्रमा मैथिली अभियानी गजेन्द्र गजुर लगायतकाले बोलेका थए ।




## भ्रष्टाचार र हत्याका आरोपीसम्मले लिए शपथ

मधेशदृष्टि
जनकपुरधाम, पुस ७।

प्रतिनिधि सभा सांसदहरु बिहीवार शपथ ग्रहण गरेका छन । शपथ ग्रहण गर्ने सांसदहरुमा भ्रष्टाचार देखि हत्याका आरोपीहरु समेत रहेका छन् ।

भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा खेपिरहेका कांग्रेस सांसद टेकबहादुर गुरुङ र हत्या अभियोगमा फरार सूचीमा रहेका एमाले सांसद लक्ष्मी महतो कोइरीले प्रतिनिधिसभा सदस्यको रुपमा सपथ लिएका छन्। संसद सचिवालयका अनुसार दुवैजनाले बिहीबार ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराबाट शपथ लिएका हुन् । कानुन अनुसार गुरुङ स्वतः निलम्वनमा परेका व्यक्ति भएपनि त्यसविपरीत बिहीबारको शपथमा उनी सहभागी भएका हुन् ।

भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा खेपिरहेका कांग्रेस नेता तथा पूर्वमन्त्री टेकबहादुर गुरुङ मनाङबाट प्रतिनिधिसभा सदस्यमा चुनिएका थिए। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा श्रम तथा रोजगार राज्यमन्त्री भएको बेला काठमाडौं फनपार्कको जग्गा भाडा लगाउने मुद्दामा उनीमाथि भ्रष्टाचार अभियोग लागेका हो ।

अख्तियारले उनीसहित १६ जनाविरुद्ध माघ २०७५ मा विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ। गुरुङलाई ३१ करोडको बिगो सहितको रकम जुर्मानामा तोकिएको थियो । सरकारी सम्पत्ति हिनामिना गरेको अभियोग लागेपनि उनी सांसदमा चुनिएका हुन्। यसैगरी २०७२ को मधेस आन्दोलनमा सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकलाई खेतमा हत्या गरेको आरोपमा लक्ष्मी महतो कोइरी अहिले पनि फरार सूचीमा छन्। तर, निर्वाचनको मुखमा जसपा छाडेर एमालेबाट चुनाव लडेर महोत्तरी १ बाट उनी निर्वाचित भएका हुन। सिट बाँडफाँट गर्दा महोत्तरी-१ एमालेको भागमा परेको थियो । जसपाबाट उनी उम्मेदवार हुन नपाउने देखेपछि एमालेमा प्रवेश गरेर टिकट लिएका थिए । टिकट नपाएका दल जसपा नै गठबन्धनमा परेपछि उनी सो दलको सहयोगमा निर्वाचित भए। संविधान जारी हुनुअघि मधेसमा सुरु भएको आन्दोलनको क्रममा सुरक्षार्थ खटिएका थमन विकको हत्या कोइरीकै योजनामा भएको थियो भन्ने अभियोग उनीमाथि छ। २०७२ भदौ २५ मा आन्दोलनकारीको कुटाइबाट गम्भीर घाइते विकलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो। घटनापछि थमनका दाजु प्रेमबहादुरले कोइरीसहित २८ जनाको नाम किटेर जाहेरी दिएका थिए ।

जिल्ला अदालत महोत्तरीले २०७६ असोज २ मा कोइरीलाई १ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो। आदेशविरुद्ध पुनरावेदन परेपछि उच्च अदालत जनकपुरले २०७७ मंसिर १९ मा जिल्लाको आदेश उल्ट्यायो र कोइरीलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दियो। त्यसयता उनी फरार सूचीमा छन्।

## मधेश सरकार आर्थिक संकटमा तलब खुवाउने पैसा छैन

मधेशदृष्टि
जनकपुरधाम, पुस ७।

संघीय सरकारको असहयोगका कारण मधेश प्रदेश सरकार आर्थिक संकटमा फंसेको छ।

प्रदेश सरकार आर्थिक संकटमा फंसेपछि मन्त्री तथा कर्मचारीहरुलाई तलब खुवाउन धौ धौ परेको छ । संघीय सरकारले अहिलेसम्म पहिलो चौमासिकको बजेट नपठाउँदा मधेश प्रदेश सरकार आर्थिक संकटमा फंस्न गएको हो ।

प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले संघीय सरकारले बजेट विनियोजन नगर्दा प्रदेश सरकारलाई आगामी महिनादेखि मन्त्री तथा कर्मचारीहरुलाई तलब भत्ता खुवाउन मात्र सरकार संचालनको सम्पूर्ण आर्थिक कारोबारमा समस्या उत्पन्न हुने बताएका छन । संघीय सरकारले अन्य प्रदेशलाई पहिलो चौमासिक बजेट पठाएपनि मधेश प्रदेशका अहिलेसम्म बजेट नपठाएर मधेशसँग विभेद गरेको उनले आरोप लगाए ।

मन्त्री साहले भने, 'चालु आर्थिक वर्षको यो छैठौ महिना चलिरहेको छ, यो हिसाबले अहिलेसम्म दोस्रो चौमासिक आइसक्नुपर्ने हो । आ.ब. दुई तीन महिनाभित्रै पठाउनुपर्नेमा अहिलेसम्म संघीय सरकारले पहिलो चौमासिक समेत नपठाएर मधेश सरकारलाई असफल बनाउने खाजेको हो । उनले भने हामी संघीय सरकारलाई पटक पटक ताकेता गर्दै आएका छौं । तर हाम्रो आग्रहलाई बेवास्ता गरिदै आएको छ। पहिला निर्वाचनको बहाना लगायौ, हामीले ताकेता गर्दा निर्वाचन पछि पठाउंछौं भन्दै आयो, निर्वाचन सकेको पनि महिना बितिसक्यो तर अहिलेसम्म पठाएको छौं । चाँडौ पठाई दिन्छौ भन्दै आलटाल गर्दै आएका छन ।

अर्थ मन्त्रालयका सचिव ब्रजेश ठाकुरका अनुसार प्रदेश सरकारको कर्मचारीको तलब भत्तामा मासिक करिव ५० करोड रुपैयाँ खर्च हुने गरेको छ । गत वर्षको खर्च हुन नसकेर कोषमा रहेका रकमबाट कर्मचारीहरुलाई ५ महिनासम्म नियमित रुपमा तलब भत्ता खुवाइयो तर पहिलो चौमासिक बजेट निकासा नहुँदा छठौं महिनाको तलब खुवाउन समस्या हुनेछ। उनले भने हामीले कोषमा रहेको रकमबाट मंसिर महिनासम्मको तलब खुवायौं,

- बाँकी पृष्ठ ६ मा

# मुसहर समुदाय समस्यामा



जनकपुरधाम, ७ पुस
पुस्तौंदेखि ऐलानी जग्गामा जीवन बिताउँदै आएको सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ कबिलासाका वीरेन्द्र सदाको परिवार समस्यामा परेको छ । उनीहरु बसिरहेको ऐलानी जग्गा आफ्नो भन्दै स्थानीय हुकेश्वर साहले जग्गा खाली गर्न आग्रह गरेसँगै न्यायिक समितिमा उजुरी दिएपछि सदाको परिवार चिन्तामा डुबेको हो ।

"वर्षौंदेखि यही ऐलानी जग्गामा बसेर जीवन गुजारा गर्दै आएका छौँ", सदाले भने , "अहिले आएर साहले बाटोका लागि जग्गा खाली गर्नुपर्‍यो भन्दै धम्की दिन थालेका छन नगरपालिकास्थित न्यायिक समितिमा पनि उजुरी दिनुभयो, त्यसैले समस्यामा परेका छौँ ।" अब यहाँबाट विस्थापित नै हुन्छ कि भन्ने चिन्तामा डुबेको उहाँको दुःखेसो छ ।

"आफूहरूसँग नम्बरी जग्गा छैन, त्यसैले जुरीपाची नदी उकास जग्गामा फुसको छाप्रो बनाइ बस्दै आएका छौँ", सदाले भने , "अहिले आएर साहले जग्गा आफ्नो भन्दै खाली गराउन न्यायिक समितिमा उजुरी हालेपछि भोक र निद्रा नै हराएको छ ।" अहिले त्यही त्रासका कारण भोक पनि लाग्दैन, निद्रा पनि हराइसकेको छ उनको दुःखेसो छ ।

"मेरो हजुरबुवा पनि यही जग्गामा घर बनाएर जीवन बिताउनुभयो, बुवा पनि सोही जग्गालाई आफ्नो बासस्थान बनाउनुभयो", ४५ वर्षीय सदाले भने , "हामी पनि यही जग्गामा थाकथलो बनाएर बसिरहेका छौँ, तर अहिले अचानक आएर साहले जग्गा खाली गराउन अघि बढेपछि परिवार नै उठीबासमा पर्ने चिन्तामा छौँ ।" पछिल्लो समय केही दिनयता साहले बस्तीमै आएर जग्गा खाली गर्न धम्कीसमेत दिन थालेपछि थप तनावमा परेको सदाको गुनासो छ ।

"यो जग्गामा कहिलेदेखि हजुर बुवा बस्नुभयो भन्ने हामीलाई नै थाहा छैन", डाक्नेश्वरी नगरपालिका-१ कबिलासकै सञ्जय सदाले भने , "तर जग्गा खाली गराउने भन्दै साह न्यायिक समितिलाई गुहारेपछि चिन्ताले निद्रा लाग्न छाडिसक्यो, जग्गा छोड्नुपरे कहाँ जाने र के खाने भन्ने ? चिन्तामा परेका छौँ ।"

"पुस्तौंदेखि यही बस्यौं, यही मजदुरी गर्‍यौं, कहिले पनि कसैले यो जग्गा मेरो हो भनेनन", बिरिन सदाले भन्नुभयो, "अहिले अचानक जग्गा खालीका लागि धम्की आउन थालेपछि लालाबालासहित कहाँ जाने भन्ने चिन्तामा डुबेका छौं ।"

विस्थापित हुनबाट जोगाइदिन सबैसँग उहाँले अपिलसमेत गरेका छन । ऐलानी जग्गाबाट मुसहर बस्ती खाली गराउन साह स्थानीय तहको न्यायिक समितिमा पुगेपछि वीरेन्द्र सदा, सञ्जय सदा र बिरिन सदामात्र होइन, पुस्तौंदेखि ऐलानी जग्गामा बस्दै आएका पाँच घर मुसहर समुदाय उठिबासको जोखिममा परेका छन् । आर्थिकरूपमा विपन्न मुसहर समुदायसँग आफ्नो जग्गा नहुँदा गाउँ नजिकैको जुरीपाची नदीबाट उकास भएको जग्गामा घर बनाएर बस्दै आएका छन् ।

साहले निवेदनको आधारमा न्यायिक समितिबाट पत्र आएपछि बल्ल आफूहरूले थाहा पाएको सुनाउँदै स्थानीय मुसहर समुदायले पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गा खाली नगर्ने अडानमा छन् ।

"पुस्तौंदेखि भोजचलन गर्दै आएको जग्गा खाली नगर्ने आफूहरू पनि अडानमा छौं", ३७ वर्षीय बिरिन सदाले भने , "त्यसैले हामी पनि न्यायिक समितिमा प्रतिउत्तर जोड्ने तयारीमा छौं, अन्तिमसम्म हामी पनि लड्छौं ।" त्यसमा सबैको सहयोग चाहियो, उनको आग्रह थियो ।

यसरी आर्थिक बिपन्नता र सामाजिक विभेदमा परेका दलित समुदायलाई आवश्यक परामर्श तथा सहयोगका लागि श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले अभियान सुरु गरेको छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले दलित बस्तीका हरवा चरवा परिवारलाई लक्षित व्यक्तिगत घटना दर्तासँगै सशक्तीकरणका योजनासहितको कार्यक्रम सञ्चालन गरेको केन्द्रका सहजकर्ता नरेशकुमार सदाले बताए । दलित समुदाय उठीबाससँगै शिक्षा र नागरिकताको समस्या रहेको पाइएकाले दलित समुदायका हरवा चरवा परिवारलाई आवश्यक परामर्श र सहयोगको कार्यक्रम सञ्चालन गरिरहेको सहजकर्ता सदाको भनाइ छ ।

पुस्तौं पुस्तादेखि बस्दै आएको मुसहर समुदायलाई उठिबास हुन नदिन आफूहरूले पनि सहयोग गर्ने स्थानीय गैर दलित समुदायका अगुवाहरूले समेत बताएका छन् । ऐन, कानुनले पनि कसैलाई उठिबास गर्न नहुने व्यवस्था गरेको अवस्थामा मुसहर समुदायलाई उठिबास बनाउने योजनालाई आफूहरूले पनि असफल बनाउन सहयोग गर्ने स्थानीय अगुवाहरूको कथन छ । डाक्नेश्वरी नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका प्रमुख मीराकुमारी यादवले सो बस्तीको छेउमा स्थानीय रामनारायण साहको नाममा कित्ता नम्बर ४२ र १४३ नम्बरी जग्गा रहेको र सो जग्गासम्म पुग्न समस्या भइरहेको र अर्का स्थानीय हुकेश्वर साहले बाटो उपलब्ध गराइदिन जनाउँदै २०७९ असार २ गते नगरपालिकाको न्यायिक समितिमा निवेदन परेको जानकारी दिए ।

निवेदन सन्दर्भमा छलफल गर्न दुवै पक्षलाई बोलाइएको जानकारी दिनुहुँदै उपप्रमुख यादवले दुवै पक्षको छलफलपश्चात निर्णय गरिने बताए ।रासस

# छुवाछूत अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छः प्रदेश प्रमुख मिश्र

राजु विश्वकर्मा
जनकपुरधाम, पुस ७ ।
मधेस प्रदेश प्रमुख हरिशङ्कर मिश्रले जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताएका छन । जातीय भेदभाव तथा छुवाछूत अन्त्य, आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका लागि मधेस प्रदेशस्तरीय दलित सम्मेलन २०७९ को विहिवार जनकपुरधाममा उद्घाटन गर्नुहुँदै प्रदेश प्रमुख मिश्रले छुवाछूत र जातीय भेदभाव अन्त्यका लागि ऐन कानुन बने पनि कार्यान्वय पक्ष कमजोर भएकाले अझै दलित समुदायमाथि थिचोमिचो र भेदभाव भइरहेकाले ऐन, कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताए । "नेपाल छुवाछुतमुक्त भएको एक दशकभन्दा बढी समय भइसक्यो तर अझै समाजमा छुवाछूत, भेदभाव कायम छ", प्रदेश प्रमुख मिश्रले भने ,"जातिपाती भेदभाव, छुवाछूत सामाजिक कलङ्क हो, यसलाई सबै मिलेर हटाउनुपर्छ ।"




एकअर्कालाई दोषारोपण गरेर होइन, सबैले आफ्नो पुरानो सोच र विचारमा परिवर्तन गरेर भेदभावजस्तो सामाजिक कलङ्कलाई हटाउन लाग्नुपर्छ", उनको भनाइ थियो । अधिकार मागेर होइन कर्तव्यसँगै सङ्घर्ष गरेर लिनुपर्नेमा जोड दिँदै उनले दलितहरू पनि अधिकारका लागि कर्तव्यसँगै सङ्घर्ष गर्नुपर्ने उल्लेख गरेका थिए । नवनिर्वाचित मधेस प्रदेशसभा सदस्य लखन दासले अहिलेको निर्वाचन प्रणालीबाट दलित समुदायको संसदीय राजनीतिमा पहुँच पुग्न नसक्ने भएकाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक रहेको बताए । "अहिले राजनीतिक दलहरूले एक त दलितलाई टिकट दिँदैनन्, दिइहाले भने पनि चुनाव जित्न सक्ने अवस्था छैन", प्रदेशसभा सदस्य दासले भने , "अहिले जोसँग पैसा छ, त्यसले मात्र चुनाव लड्न सक्छ र जित्न सक्छ ।" दलित समुदायसँग न त पैसा छ न राजनीतिक पहुँच छ, त्यसैले निर्वाचन प्रणालीलाई फेर्नुपर्छ उनको कथन थियो । कार्यक्रममा दलित जनकल्याण युवा क्लबका कार्यकारी निर्देशक विनोद बिसुन्खेले मुलुकमा थुप्रै राजनीतिक परिवर्तन भए पनि दलित समुदायमाथिको उत्पीडनमा कमी आउन नसकेको भन्दै उनले दलित आन्दोलनलाई साझा आन्दोलन बनाउनुपर्नेमा जोड दिए । उनले दलित आन्दोलनलाई साझा आन्दोलन, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट दलित समुदायका लागि ल्याएका ऐन, कानुनको गम्भीर समीक्षा गर्न प्रदेशस्तरीय दलित सम्मेलन आयोजना गरिएको बताए । कार्यक्रममा अनोपचारिक सेवा केन्द्र इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवान र प्राध्यापक विजय मिश्रले मधेस प्रदेशमा दलित समुदायको अवस्था विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरेका थिए । एक्सन एड नेपालको सहयोगमा दलित जनकल्याण युवा क्लब लहान सिरहा, दिव्य युवा क्लब पर्सा, महिला सशक्तीकरण अभियान महोत्तरी र दलित पत्रकार सङ्घ मधेस प्रदेश समितिद्वारा आयोजित सम्मेलनमा मधेस प्रदेशका आठवटै जिल्लाका दलित समुदायका अगुवाहरूको सहभागिता रहेको छ । सम्मेलनले दलित समुदायको पक्षमा वकालत गर्न प्रदेशस्तरीय समिति गठनसँगै घोषणापत्र जारी गर्ने आयोजक दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश बिसुन्खेले जानकारी दिए ।

# नवनिर्वाचित सांसदहरुद्धारा पद तथा गोपनियताको सपथ

मधेशदृष्टि
काठमाण्डौ, ७ पुस ।
प्रतिनिधि सभाका नवनिर्वाचित सांसदहरूले विहिवार बिहीवार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । सङ्घीय संसद् भवनको हल नयाँ बानेश्वरमा प्रतिनिधि सभाका ज्येष्ठ सदस्य पशुपतिशम्सेर जबराले सांसदहरूलाई शपथ गराएका हुन । केही सांसदले ईश्वरको नाममा र केहीले जनताको नाममा शपथ लिएका छन् । २६ जना सांसदले मातृभाषामा सफथ लिएका छन् भने अरूले नेपाली भाषाको प्रयोग गरेका छन् । शपथसँगै सङ्घीय संसद् सचिवालयले सांसदको लोगो पनि वितरण गरेको छ ।

शपथ ग्रहणका लागि सांसदहरू आ-आफ्नो जातीय पहिचान झल्किने पोसाक लगाएर संसद् भवनमा पुगेका थिए । थरीथरीका पोसाक र भेषभुषामा सांसदहरूको उपस्थितिले संसद् भवन नयाँ बानेश्वको दृष्य निकै रमाइलो देखिएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले हिजो बुधवार प्रतिनिधि सभाका ज्येष्ठ सदस्य पशुपतिशम्शेर जबरालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । जबराले प्रतिनिधि सभाका अरू नवनिर्वाचित सासंदलाई शपथ ग्रहण गराउने जिम्मेवारी पाएको हो । प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित एक सय ६५ र समानुपातिक प्रणालीबाट निर्वाचित एक सय १० गरी दुई सय ७५ जना सांसद छन् । शपथ समारोह अगाडि संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले नवनिर्वाचित सांसदहरूलाई स्वागत, बधाई एवम् शुभकामना व्यक्त गरेका थिए ।यसैबिच प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये चार जना सांसद शपथ ग्रहण समारोहमा अनुपस्थित भएका थिए। सङ्घीय संसद् सचिवालयका सहायक प्रवक्ता एवम् सूचना अधिकारी दशरथ धमलाले चार जना सांसद अनुपस्थित भएको जानकारी दिए । अनुपस्थित हुने सांसदहरुमा प्रेमबहादुर आले, महिन्द्र राय यादव, माया राई र रामकुमार राई छन ।

# बढदो व्याजदर संन्तुलन नल्याईए सरकारले हस्तक्षेप गर्ने : गृहमन्त्री खाण



मधेशदृष्टि
काठमाण्डौ,७ पुस ।
गृहमन्त्री बालकृष्ण खाणले बढ्दो ब्याजदर बैङ्क तथा वित्तीय संस्थाले सन्तुलनमा ल्याउन नसके सरकारले नीतिगत हस्तक्षेप गर्नुपर्ने बताएका छन । कोरोना महामारीले थला परेका उद्योगी व्यवसायीलाई अनावश्यक रुपमा बढाइएको ब्याजदरले थला पारेको बताउँदै उनले ब्याजदर वृद्धिलाई नियन्त्रण गर्न नीतिगत हस्तक्षेप गर्नुपर्ने अवस्था नल्याउन आग्रह गरे । रुपन्देही उद्योग सङ्घले बुटवलमा आयोजना गरेको १५ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी एवम् कृषि, प्रविधि तथा पर्यटन महोत्सवको उद्घाटन समारोहमा बोल्दै खाणले उद्योगी व्यवसायीको अवस्था सुदृढ नभए सबै क्षेत्र प्रभावित हुने बताउँदै बैङ्क तथा वित्तीय संस्थाहरूलाई गम्भीर बन्न आग्रह गरेका हुन । बैङ्कको ब्याजदर वृद्धिले उद्योगी र व्यवसायीहरू मारमा परेको बताउँदै उनले त्यसको केही समयपछि झन् ठूलो संकट वित्तीय क्षेत्रले भोग्नुपर्नेतर्फ सचेत गराए ।

पछिल्लो पटक देखिएको आर्थिक मन्दीमा बैङ्क तथा वित्तीय संस्थाहरू अझ बढी गम्भीर र संवेदनशील बन्नुपर्ने बताउँदै उनले उद्योगी र व्यवसायीहरूले ऋण र ब्याज तिर्न नसक्ने अवस्था आयो भने त्यसको गम्भीर असर बैङ्क तथा वित्तीय संस्थाहरूलाई पर्नेतर्फ सचेत गराएका छन ।

# प्रधानमन्त्री देउवा र नेसपा अध्यक्ष भटराई विच भेटवार्ता



मधेशदृष्टि
काठमाण्डौ,७ पुस ।
प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री एवम् नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईबीच भेटवार्ता भएको छ ।

भट्टराई पार्टीका अर्का अध्यक्ष महिन्द्रराय यादवसहित विहिवार बिहान बालुवाटारस्थित प्रधानमन्त्री निवास पुगेका थिए । देउवा संसदीय दलको नेतामा निर्वाचित भएकोमा बधाई दिएको र अहिलेको सत्ता गठबन्धनलाई बलियो बनाउने विषयमा कुराकानी भएको यादवले बताए ।

यादवले आफूहरुको कुरा सुनेपछि देउवा गठबन्धन जोगाउने कुरामा सकारात्मक सुनिएको बताए । सत्ता गठबन्धनका दुई दल कांग्रेस र माओवादीको पहिलो चरणमै प्रधानमन्त्रीको दाबीले कतै गठबन्धन नै टुट्ने हो कि भन्ने आशंका गर्नेहरु पनि छन् । यादवले 'पावर सेयरिङ' को विषय गठबन्धनमै छलफल गरेर मिलाउनुपर्ने बताए । शक्ति बाँडफाँटको तपाईंहरुको कुनै दाबी छ भन्ने प्रश्नमा भने उनले कुनै स्पष्ट जवाफ दिएनन् । नेपाल समाजवादी पार्टीले माओवादी केन्द्रको चिह्नमा चुनाव लडेको थियो । यादव सर्लाही-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## सम्पादकीय

# उपयोग विहिन तीन करोड लगानीको बृद्धाश्रम

रौतहटको चन्द्रपुर नगरपालिका ७ बनबहुअरीमा बनेको बृद्धाश्रम अहिले अलपत्र अवस्थामा रहेको छ । तीन करोड रुपैया खर्चिएर बनाइएको बृद्धाश्रम एक वर्ष देखी प्रयोगमा आउँन नसकेपछि के गर्ने भन्ने अन्यौलता छाएको छ । भौतिक पूर्वाधारका हिसावले सुविधा सम्पन्न भएपनि बृद्धाश्रम संचालन हुने संभावना देखिदैन । जंगलको छेउमा रहेको दुई तले भवनमा एट्याच बाथरुम सहितका कोठाहरु, भान्सा कोठा,पाले रुम लगायका पूर्वाधार निर्माण भएका छन् ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको खाली जग्गामा बनेको सुविधा सम्पन्न उक्त बृद्धाश्रम भवन संभाव्यता अध्ययन बिनानै बनाएको देखिन्छ । कुनै पनि क्षेत्रमा लगानी गर्दा पूर्वाधार योजना तोकिएको प्रयोजनमा उपयोग हुनसक्छ वा सक्तैन भन्ने आँकलन आवश्यक हुन्छ । त्यसको आर्थिक, सामाजिक, साँस्कृतिक पक्षलाई मसिनोसँग केलाउनुपर्ने हुन्छ । तर, त्यस्तो केही नगरेको प्रमाण भवन निर्माण सम्पन्न भएको एक वर्षसम्म प्रयोगमा नआउँनुले स्पष्ट गर्दछ ।

वृद्धाश्रम संचालन गर्नेबारे केही संस्थाले अवलोकन गरेपनि कुनै चासो नदेखाएको भनाई चन्द्रपुर नगरपालिकाका उपमेयर जयमाला कुमारी चौधरीको छ । उनका अनुसार वृद्धाश्रममा कोही बुढाबुढी नआएकोले प्रयोगमा नआएको हो । संघन सहरी विकास कार्यक्रम अर्न्तगत अघिल्लो स्थानीय तहका पदाधिकारीहरुकै पालामा निर्माण सुरु भएको आयोजनाबारे अहिलेका पदाधिकारीहरुले महत्व नदिएको स्थानीय बुझाई छ । आफन्त तथा बजार क्षेत्रमा रहेका वृद्धवृद्धाहरुलाई उद्धार गरी वृद्धाश्रममा राख्ने सोचका साथ निमार्ण गरिएको वृद्धाश्रममा एक जना पनि नआउँदा बेबारिसे बनेका हो।

यता निमार्ण सम्पन्न भएर बेबारिसे बनेको उक्त वृद्धाआश्रममा चन्द्रपुर नगरपालिकाका जनप्रतिनिधिहरु बेलाबेलामा अनुगमन गर्दे आएका छन् । वृद्धाश्रमका लागि बनेको पूर्वाधारमा के गर्ने, कसरी प्रयोग गर्ने भन्नेमा नगरपालिका कुनै टुंगोमा पुग्न सकेको छैन । सुविधा सम्पन्न ती भवनमा खेलकुद एकेडेमीका लागि संचालनमा ल्याउनुपर्ने चाहना नेपाल फुटबल संघ मधेश प्रदेश समितिले राखेको बुझिन्छ । कतिपय स्थानीय ७ नम्बर वडामा रहेका सरकारी कार्यालयहरु सोही भवनबाट संचालन गर्नुपर्ने धारणा राख्दछन् । वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी लगाएतका सरकारी कार्यालयहरु सो स्थानबाट संचालन गर्नका लागि सम्बन्धीत निकायले पहल गर्नुपर्ने उनीहरुको सुझाव छ ।भवन संचालनमा नआएका कारण भवनको कम्पाउण्डमा गाईबस्तु, बाख्रा चरिरहेका भेटिन्छन्।

चन्दनिगहापुर भन्दा टाढा ग्रामिण परिवेशमा जङ्गल नजिक बनेका संरचना गाउँ समाज भन्दा टाढा छ । बाहिरबाट हेर्दा आकर्षक देखिएपनि घरपरिपार छोडेर आश्रममा बस्न आफै कोह आउँने होइनन् । बेबारिसे बुढाबुढीहरुलाई त्यहाँ राख्नेबारे नगरपालिकाले सोचेको हो भने व्यवस्थापनका कुनै योजना उसँग छैनन् । जङ्गलको छेउमा पसल थापेको जस्तो अवस्था देखिदैछ ।


प्रयोगविहिन भवनहरु खुइलिँदै गएको देखिन्छ । संघन सहरी विकासको लगानीमा तीन करोड खर्च गरेर बनाइएको वृद्धाश्रम संचालन हुन नसकेको पछि हामीकहाँ जसोतसो भौतिक निर्माण गरेर खर्च गर्ने प्रवृतीले काम गरेको देखिन्छ। कुन प्रयोजनले किन सहर बजार भन्दा टाढा भौतिक संरचना बनाइयो ? त्यसको जवाफ नगरपालिकासँग छैन । साथै, जुन उदेश्य अनुसार भवनहरु बनाइएका हुन्, त्यस अनुसारका कुनै योजना नगरपालिकासँग छैन । नगरपालिका भवनलाई जसोतसो अन्य प्रयोजनमा जिम्मा दिने मानसिकतामा रहेको देखिन्छ ।

राज्यकोषबाट लगानी भएको योजना उदेश्य अनुसार प्रयोगनै हुननसक्ने अवस्थाको छ भने योजनाको निर्णय गर्ने, निर्माणको कार्यादेश दिने व्यक्तिले सम्पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ । उनीहरुमाथी कारवाही चलाउनु पर्दछ । राज्यकोषको पैसा जभाभावी प्रयोग गर्ने छुट कसैलाई पनि छैन। भौतिक निर्माण गर्नुमात्र योजना सम्पन्न गर्नु होइन । विकासका नाममा तीन करोड सक्ने उदेश्य पुरा हुनुलाई कुनै उपलब्धी मान्न सकिन्न ।

# नियन्त्रणात्मक तथ्याङ्क कानुन जसले नागरिकको अधिकार र पहुँच निश्चित गर्दैन



– तारानाथ दाहाल



तथ्याङ्क समग्र विकास, राजनीति, आर्थिक, सामाजिक र वातावरणीय लगायतका विषयलाई प्रस्तुत गर्ने विवरण हो; जसले नीति, योजना र श्रोत बाँडफाँटलाई प्रभावित गर्दछ । कुनै पनि विषयमा वस्तुनिष्ठ निर्णय लिन, नवीन व्याख्या र विश्लेषण गर्न र विश्वसनीयता जाँच्न तथ्याङ्कको प्रयोग हुन्छ । साथै, लक्ष्य निर्धारण गर्नेदेखि यसको परिणामको अनुगमन र मूल्यांकन गर्न पनि तथ्याङ्क अपरिहार्य हुन्छ ।

तथ्याङ्कलाई लोकतान्त्रिक समाजको लागि आवश्यक सूचना प्रणालीको एक अपरिहार्य आधारका रूपमा लिइन्छ । राज्यले आम नागरिकको सुसूचित हुने अधिकारको ग्यारेण्टी गर्न भरपर्दो र निष्पक्ष तथ्याङ्क निःशुल्क उपलब्ध हुने वातावरण सिर्जना गर्नु पर्दछ । साथै विश्वसनीय तथ्याङ्कको लागि तथ्याङ्क उत्पादनमा प्रयोग भएका विधिहरूको वैज्ञानिक आधार तथा नतिजाको निष्पक्ष विश्लेषण र प्रस्तुतिको लागि पनि कानूनले स्पष्ट मापदण्ड र नीतिगत दिशाबोध गर्न पर्दछ । तथ्याङ्क भन्नाले कोरा तथ्य, कोरा तथ्याङ्क, आँकडा, सामग्री, अभिलेख, संख्या, आवाज, फोटो, शब्द, भिडियो लगायतलाई जनाउँछ । 'तथ्यांक' र 'सूचना' यी दुई शब्दावली सामान्यतः पर्यायवाची रूपमा प्रयोग गरिए पनि तथ्यांक सूचनाको सूक्ष्म एकाइ हो । तथ्यांकको कुनै सन्दर्भमा विश्लेषण गर्दा त्यो सूचना बन्न जान्छ । सूचनाको हकसम्बन्धी ऐन २०६३ ले तथ्याङ्कलाई सूचनाको परिभाषा भित्र समेटेको छ । यो ऐन अनुसार सार्वजनिक निकायमा रहेको कुनै पनि तथ्यांक, विवरण, दस्तावेज वा वस्तु पनि सूचना हो । चाहे त्यो निजी सरोकारको होस् वा सार्वजनिक सरोकारको । संयुक्त राष्ट्र सङ्घले मानवअधिकार घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९ ले सूचनाको स्वतन्त्रता तथा अधिकारलाई मानवअधिकारको आधारभूत तत्वको रूपमा परिभाषित गरेको छ । हरेक सर्वसाधारण नागरिकलाई सरकारी निकायमा रहेका हरेक सूचना तथा तथ्याङ्कमा पहुँच हुनुपर्नेमा यसले जोड दिएको छ ।

नेपालमा एक शताब्दी अगाडि राणाकालदेखि नै जनसंख्याको व्यवस्थित गणना गर्ने पद्धति र संरचनाहरू प्रयोगमा थिए । देशमा २००७ मा प्रजातन्त्रको युग सुरु हुनुभन्दा अगाडि जनसंख्या गोश्वरा र औद्योगिक-व्यापारिक समाचार संग्रह अड्डाको रूपमा तथ्याङ्क प्रशासनको अभ्यास थियो । पछि यसलाई संख्या विभागका रूपमा विकास गरियो । जसलाई पछि तथ्याङ्क ऐनद्वारा व्यवस्थित गरियो २०१५ सालमा र अहिलेको केन्द्रीय तथ्याङ्क विभाग सोही ऐन अनुसार पुस १७, २०१५ मा स्थापना गरियो । ५२ वर्ष अगाडि स्थापित यस तथ्याङ्क संरचनालाई अहिले राज्यको नयाँ संरचना अनुसार र प्रविधिमा आएको क्रान्तिको सन्दर्भ समेतलाई ध्यानमा राखी परिवर्तन गर्न खोजिएको छ ।

समयक्रममा तथ्याङ्क प्रशासनलाई आधुनिकीकरण गर्ने प्रयास हुँदै आएका थिए । २०५१ सालमा तथ्याङ्क प्रणालीलाई व्यापक रूपमा परिवर्तनको लागि आर्थिक योजना र तथ्याङ्क सेवा नियमावली जारी गरियो । २०७० सालमा पनि तथ्याङ्क प्रणालीको संरचनामा सुधार ल्याइयो तर ती सबै सुधार प्रक्रियामा सूचनाको हक र खुला तथ्याङ्कको अवधारणा प्रवेश गरेको देखिँदैन । यस पटक पनि यो अवधारणालाई स्वीकार गरिएन ।

तथ्याङ्क ऐन, २०१५ लाई नेपालको संविधान र संयुक्त राष्ट्रसंघीय सरकारी तथ्याङ्क सम्बन्धी आधारभूत सिद्धान्त एवं सूचना प्रविधिमा आएको क्रान्ति अनकुल समयसापेक्ष बनाइ तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले तथ्याङ्क सम्बन्धी नयाँ कानून आएको बताइएको छ । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समयसापेक्ष बनाइ संघ, प्रदेश र स्थानीय तहको नीति निर्धारण कार्यलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकाले यो ऐन बनाउन परेको हो।

ऐनमा राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क संकलन तथा प्रकाशन, राष्ट्रिय तथ्याङ्क परिषद् र राष्ट्रिय तथ्याङ्क कार्यालय एवं प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गर्ने उल्लेख छ । संरचनागत परिवर्तनसँगै, राष्ट्रिय गणनामा व्यापक रूपमा कर्मचारी परिचालन गर्ने अधिकार पनि प्रबन्ध गरिएको छ । वर्तमान राष्ट्रिय योजना आयोग अन्तरगतको केन्द्रीय तथ्यांक विभाग भन्दा थप स्वायत्त निकायका रूपमा रूपान्तरणको अवधारणा अवलम्बन गर्न खोजिएको छ । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय र व्यवस्थित गर्न, संघीय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन, संघीय तथ्याङ्क परिषद् तथा संघीय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गरिएको छ ।

नयाँ कानुनले तथ्यांक विद्युतीय अभिलेखमा राख्नुपर्ने व्यवस्था गरिएको छ जुन सकारात्मक छ तर तथ्याङ्कलाई सार्वजनिक सम्पत्तिको रूपमा परिभाषित गरेको छैन । साथै, तथ्यांकको पुनः प्रयोग, पुनर्वितरण र खुला लाइसेन्सिङ प्रावधानको पनि व्यवस्था गरिएको छैन । तथ्यांक संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्यक्षेत्र, तथ्यांकसम्बन्धी विधि र अनुमानित लागतसहित कार्यालय समक्ष निवदन दिनुपर्ने र कार्यालयले अनुमति दिनुपर्ने प्रावधानले तथ्याङ्कीय खुलापनको सिद्धान्तलाई आत्मसात गरेको छैन । व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच स्थापना गर्ने व्यवस्था राखिएको छ जसले नागरिकको तथ्याङ्कमाथिको अधिकार र पहुँच निश्चित गर्दैन ।

तथ्यांकसम्बन्धी कानुनले तथ्यांकलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लागत वा सूचनाको रूपमा परिभाषित गरेको छ । साथै, तथ्यांक भन्ने शब्दले त्यस्ता विवरण, लागत वा सूचनाको व्यवस्थित संकलन, प्रस्तुतीकरण तथा विश्लेषण गरी तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई समेत जनाउने उल्लेख गरेको छ ।

जतिवेला पहिलो पटक तथ्याङ्क ऐन बनाइयो, त्योवेला देश विकासको प्रारम्भिक चरणमा थियो र व्यवस्थित तथ्याङ्कको आवश्यकताको धेरै महसुस भएको हुनुपर्छ । त्यसैले तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रवाहको सम्पूर्ण दायित्वसहितको अधिकार सम्पन्न निकाय बनाइयो । साथै तथ्याङ्क संकलन र प्रवाहको लागि यस निकायको स्वीकृति लिनुपर्ने आदि व्यवस्थाहरू गरिए ।

नेपालमा विभिन्न निकायहरूले भिन्दाभिन्दै तथ्याङ्क उत्पादन गरिरहेका छन् । केन्द्रीय स्तरमा तथ्यांक उत्पादन तथा वितरण गर्ने आधिकारिक निकाय भनेका तथ्याङ्क विभाग, अर्थ मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, नेपाल राष्ट्र बैंक, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा मन्त्रालय, कृषि विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालाय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय तथा नेपाल पुनर्निर्माण प्राधिकरण आदि हुन् । यस्तै अन्य मन्त्रालयहरूले पनि प्रशासनिक र सरकारको काम कारबाहीका लागि तथ्यांक संकलन गर्ने गर्छन् । प्रदेश र स्थानीय सरकारले पनि महत्वपूर्ण तथ्यांक/सूचनाहरू उत्पादन र भण्डारण गर्छन् ।

नेपालको संविधानको अनुसूची ५ को बुँदा नं. १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) उल्लेख छ । यसबाट संघीय कानूनको क्षेत्र स्पष्ट हुनसक्छ । संविधानको अनुसूची ६ को बुँदा नं.६ मा प्रदेश तथ्याङ्क प्रदेशको अधिकार सूचीमा उल्लेख छ । यसले प्रदेश तहको तथ्याङ्क सम्बन्धी नियमनको पूरै अधिकार प्रदेश सरकारमा रहेकोछ । यसैगरी अनुसूची ८ को बुँदा नं.६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन उल्लेख छ । यस अन्तर्गत स्थानीय सरकारलाई स्थानीय तथ्याङ्क नियमन र व्यवस्थापनको संवैधानिक अधिकार प्राप्त छ । बुँदा नं. १३ मा स्थानीय अभिलेख व्यवस्थापन उल्लेख छ । यस अनुसार स्थानीय अभिलेख भन्नाले तथ्याङ्क, सूचना र कागजात समेत बुझिने हुनाले यसबारे थप स्पष्टता आवश्यक छ । संविधानको अनुसूचीमा उल्लेख लक्ष हासिल गर्न तथ्याङ्कसम्बन्धी एक संघीय छाता ऐन बन्नुपर्ने खाँचो छ । नयाँ कानुनले भने संविधानको उपरोक्त व्यवस्थालाई विस्तृतीकरण गर्दै, अधिकार हरूको क्षेत्र अनुसार नियमनको स्पष्ट कार्ययोजना र मार्गदर्शन गर्न खोजेको देखिँदैन ।

तथ्याङ्क-आँकडा, संख्या प्रणालीका सरोकारवाला पक्ष व्यापक छन् । केन्द्रीय तथ्याङ्क कार्यालय एउटा प्रमुख राज्य निकाय हो तर यो मात्रै निकायलाई केन्द्रित गरेर कानून आउँदा संकुचन हुन जान्छ । डाटा संकलन, उत्पादन, भण्डारण र वितरण कार्यमा तीनै तहको सरकारका विभिन्न मन्त्रालय र विभागहरू संलग्न छन् । नेपाल राष्ट्र बैंक, विभिन्न अध्ययन-अनुसन्धान र सेवाप्रवाहमा संलग्न नागरिक संघ-संस्था, निजी क्षेत्रकाप्रतिनिधि संस्थाहरू एवं परामर्श र अनुसन्धान संस्थाहरू तथा प्रत्येक डाटा प्रयोगकर्ता व्यक्ति, संस्था र निकाय यस प्रणालीमा प्रत्यक्ष सरोकारवाला हो । विकास र अनुसन्धानका क्षेत्रमा तथ्य-तथ्याङ्कको आवश्यकता नपर्ने कुनै क्षेत्र र विधा छैन होला, त्यसैले तथ्याङ्क सम्बन्धी कानून समग्र समाजको सरोकारको विषय हो ।

तथ्याङ्कको अवस्थामा सुधार ल्याउन सरकार, नागरिक समाज, संसद, निजीक्षेत्र,

*- बाँकी पृष्ठ ६ मा*

# रामनारायण मिश्रः दावाग्नि लुकाएको हिमालय



- जयप्रकाश आनन्द

उहाँसंग भेटने सौभाग्य मलाई प्राप्त भएन। तर, उहाँको व्यक्तित्वको महत्व मैले यौटा आधारबाट बुझेको थिए। त्यो आधार थियो, बि.स. २०१७ सालमा राजा महेन्द्रले सैनिक कू गरेर संसदीय व्यवस्थालाई समाप्त पारेपछि तत्कालिन प्र.म. बीपी कोईराला लगायत हजारौंका संख्यामा नेपाली काँग्रेसका नेता कार्यर्ताहरू जेलमा कोचिए। बीपी कोईराला सुन्दरीजलको सैनिक आर्सनलमा राखिनु भएको थियो। तेहाँ बीपीसंग गणेशमान सिंह, योगेन्द्रमान शेरचन, देवान सिंह राई, रामनारायण मिश्र लगायत ६/७ जना मात्र राखिनु भएको थियो। यो बन्दीगृह सर्वाधिक नियन्त्रित र अभेद्य थियो। बीपीका सर्वाधिक बिश्वास पात्रहरू मात्र राखिएको थियो, यसमा बीपी मंत्रिमंडलका रामनारायण मिश्र पर्नुले नै मिश्र जीको महत्वलाई जनाउँछ। यो मैले रामनारायण मिश्रलाई चिन्ने एक मुख्य आधार थियो।

बि.स. २०३७ सालमा नेपाल बिद्यार्थी संघको महाधिवेशन जनकपुरको गोपाल धर्मशालामा भएको थियो। यस ऐतिहासिक महाधिवेशनको उदघाटन गर्न बीपी कोईराला जनकपुर आउनु भएको थियो। बीपी कहाँ बस्नु उपयुक्त हुनेछ भनी खोजिनीति भयो। जनकपुरमा मण्डलेहरूको बडो जगजगी थियो। हेमबहादुर मल्लको आतंक पनि थियो। महेन्द्र नारायण निधीको घर, लीला कोईराला(मैया दिदी) को ब्रम्हपुरीको घर आदि बिकल्पहरू थिए। तर, बीपी आफैले रामनारायण मिश्र जीको दुईतले काठको घरलाई रोज्नु भयो, तेही उहाँलाई बसाउने व्यवस्था भयो। रामनारायण मिश्र जीको अघि नै देहावसान भै सकेको थियो। यसका बावजूद पनि बीपीले मिश्र जीको निवासमा नै बस्नु भयो। यी पंक्तिहरू लेख्दा यौटा संझना पनि हुन आएको छ। बि.स. २०४८ सालमा शेरबहादुर देउवा गिरिजा प्र. कोईरालाको मंत्रिमंडलमा गृहमंत्री हुनु भयो। देउवाको बिराटनगरको पहिलो भ्रमण तय भयो। नोना कोईरालाले बडो प्रेम तथा पारिवारिक परम्पराको आधारमा देउवा जीको बसाईको व्यवस्था कोईराला निवासमा मिलाउनु भएको थियो। तर, गृहमंत्री देउवाले बिराटनगर रानी स्थित पूर्व क्षेत्रीय प्रहरी कार्यालयको गेष्ट हाउसलाई रोज्नु भयो। नोना कोईरालाको आत्मीय आग्रहका बावजूद पनि डिआईजीको गेष्ट हाउसमा नै बस्नु भयो। बास्तवमा देउवा जीमा शुरू देखि नै हुने बिरूवाको चिल्लो पात बाला चरित्र रहि आएको हो। तर, बीपी फरक सोचको हुनुहुन्थ्यो, उहाँले रामनारायण मिश्रको घरमा बस्ने इच्छा राखेर रामनारायण मिश्रको धरहरा भन्दा धेरै अग्लो व्यक्तित्वको महत्व हामीलाई बुझाउनु भयो। मैले त यसरी नै बुझे र मिश्र जीलाई चिन्ने प्रयत्न गरें। यही बेला कसैले मलाई भनेका थिए-रामनारायण मिश्र दावाग्नि लुकाएको हिमालय हो। मैले तत्काल यस भनाईको भावार्थ बुझिन्। बुझ्न ढिलो भयो। पछि बुझ्दै गए कि रामनारायण मिश्र एक अपराजेय, सम्झौताहीन क्रांतिकारी हुनुहुन्थ्यो। उहाँको धमनीहरूमा हुने रक्त संचारमा आगो बहन्थ्यो। तर, बाहिरबाट मिश्र जीलाई देख्दा अत्यन्त शालिन, शौम्य र हिमालयको चमक सहितको शितलता देखिन्थ्यो। आज मधेस र पहाडका नेताहरूमा चरम सत्ता लिप्सा छायिनीहरू निमेष भरका लागि पनि सत्ता क्षुधालाई बिराम दिन चाहदैनन्। सत्ता ललकको भोक एक दिनका लागि पनि सहन हुन्न्। जबकी रामनारायण मिश्र सुन्दरीजल बन्दीगृहमा बर्षौंसम्म क्यान्सरको असह्य बेदनालाई झेल्नु भयो। तेस कालखण्डमा सयौं राजबन्दीहरूले सत्य-असत्य बहानामा राजासंग माफि मागे। आफुलाई कुनै अज्ञात गंभीर रोग लागेको आभाष पनि रामनारायण जीले बीपी गणेशमान जीहरूलाई गराउनु भएन। उहाँलाई डर थियो कि यदि उहाँको गंभीर पिडा बारे बीपीहरूले जान्नु भयो भने प्राणरक्षाका लागि राजा समक्ष निवेदन गर्न कर गर्न सक्नुहुन्छ । उहाँले असाध्य रोगलाई लुकाउनु भयो। राजा महेन्द्रलई सुन्दरीजलमा रहेका बन्दीहरूको रोगका बारेमा थाहा थियो भनिन्छ। सोही जेलमा रहेका बीपीलाई क्यान्सर रोग छ, यसर्थ सुबिधा सम्पनन् अस्पतालमा बीपीको उपचार गराईनु पर्दछ भने सिफारिश गर्ने राजाका डाक्टरहरूले रामनारायण मिश्रलाई क्यान्सर लागेको थाहा नपाएको पत्याउन कठिन हुन्छ। जब राज्यलाई लाग्यो कि अब मिश्र केही साता मै संसारबाट बिदा लिन्छन् अनि मात्र मिश्र जीलाई रिहा गिरियो अनि रिहाईको लगत्तै उहाँको देहावसान भयो।

यस्तो हुनुहुन्थ्यो मैले भेटन नपाएको मिश्र जी। उनि दुनियाँले न सुनेको दावाग्नि लुकाएको हिमालय भनिएको रामनारायण मिश्र। आज उहाँलाई संझिने दिन

*- बाँकी पृष्ठ ६ मा*

> *“ महेन्द्रलई सुन्दरीजलमा रहेका बन्दीहरूको रोगका बारेमा थाहा थियो भनिन्छ। सोही जेलमा रहेका बीपीलाई क्यान्सर रोग छ, यसर्थ सुबिधा सम्पनन् अस्पतालमा बीपीको उपचार गराईनु पर्दछ भने सिफारिश गर्ने राजाका डाक्टरहरूले रामनारायण मिश्रलाई क्यान्सर लागेको थाहा नपाएको पत्याउन कठिन हुन्छ। जब राज्यलाई लाग्यो कि अब मिश्र केही साता मै संसारबाट बिदा लिन्छन् अनि मात्र मिश्र जीलाई रिहा गिरियो अनि रिहाईको लगत्तै उहाँको देहावसान भयो ।*



सुर्खेतको वीरेन्द्रनगरस्थित खुल्लामञ्च अगाडि फुटपाथमा ओखर र दालचिनीको प्याकेट बिक्री गर्दै एक महिला । ओखर एक टानाको ५ रुपैयाँदेखि १० रुपैयाँ र दालचिनी एक प्याकेटको २०० रुपैयाँ सम्ममा बिक्री गर्ने गरिन्छ । तस्बिरः सुरेश आचार्य/रासस

# खाना पकाउन अझै गुइँठाकै भर

खजुरा, ७ पुस

ग्रामीण क्षेत्रमा खाना पकाउनका लागि अझै पनि परम्परागत चुलोको प्रचलन रहेको छ । गाउँघरमा खाना पकाउने इन्धनका रूपमा गाईभैंसीको गोबरबाट बनाइने गुइँठाको प्रयोग अझै कायमै छ । खाना पकाउने ग्यास महँगो र काठ तथा दाउरा अभाव भएकाले गुइँठा-कण्डा इन्धनका रूपमा प्रयोग गरिरहेको बाँके डुडुवा गाउँपालिका-१ की लक्ष्मी कोरी बताउछन । ग्यास किन्न सक्ने अवस्था छैन, हाम्रा लागि गुँइठा नै सहज विकल्प हो, उनले भने , घरमा गाई भैंसी पालेकी छु, त्यसैको गोबरले गुइँठा बनाउन सजिलो भएको छ, अनि खाना पनि त्यसैबाट बनाउँछु, अर्को विकल्प छैन ।डुडुवा-१ कि निर्मला कोरीको अवस्था पनि उस्तै छ । आफूसँग भएको जमिनमा रुख बिरुवा छैन, नजिकै जङ्गल पनि छैन, हामी त बाढी प्रभावित क्षेत्रमा बसेका छौँ, अहिले नदीमा बाढीले बगाएर ल्याएको काठ दाउरा सङ्कलन गर्न सक्दैनौँ, त्यसैले हाम्रा लागि गुइँठा नै खाना पकाउने विकल्प हो ।गाउँमा प्रायः पशुपालन गर्ने भएकाले घरपिच्छे महिला गुइँठा बनाउने गर्दछन् । परापूर्वकालदेखि चलिआएको परम्पराका कारणले पनि गुइँठा बनाउने चलन अझै कायम छ । गुइँठाले स्वास्थ्यमा असर गर्नेबारे अलि सचेत हुन थालेको परिवारले ग्यासको व्यवस्था गरे पनि गुइँठाको प्रयोग फिट्टिकै नछोडेको डुडुवा-४ का शिक्षक चन्दा मिश्र बताउछन । उनहाँका अनुसार गुइँठाको प्रयोगले चुलोको खाना अलि स्वादिलो भएको सोचका कारण पनि गाउँघरमा यसको प्रयोग गरिन्छ, । चिसोको समयमा आगो ताप्नलाई पनि यसको प्रयोग बढी गरिन्छ । अहिले पछिल्लो समय



यसबारे मानिस सचेत बन्न थालेको उनको भनाइ छ ।गुइँठा गाई, गोरु तथा भैंसीको गोबरमा भुस, पराल मिलाएर बनाइन्छ । यसरी बनाइएको गुइँठालाई घाममा सुकाएर बाल्नयोग्य बनाइन्छ । स्वास्थ्यका दृष्टिले गुइँठा बाल्नु राम्रो मानिन्न । आगो छिटो नसल्कने, आगो सल्के पनि धुवाँ बढी फाल्नेलगायतका कारणले यसले स्वास्थ्यमा गम्भीर असर पार्छ । जसकारण श्वासप्रश्वास, क्षयरोग र मोतियाबिन्दुजस्ता दीर्घकालीन रोग लाग्ने जोखिम बढ्ने नेपालगन्ज मेडिकल कलेजका विशेषज्ञ डा विनोद कर्ण बताउछन । दाउराका रूपमा गोबरको अत्यधिक प्रयोग भएकाले कृषि उत्पादनमा ह्रास हुँदै गएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ । गोबरको प्रयोग इन्धनका रूपमा हुन थालेपछि किसानले रासायनिक मल प्रयोग गर्न थालेका छन् जसका कारण तत्काल उब्जनी बढ्ने भए पनि माटोको उर्बराशक्ति ह्रास हुँदै गएको छ । बाँकेको नरैनापुर गाउँपलिकाले परम्परागत चुलोको अन्त्य गर्नका लागि गत वर्ष प्रत्येक घरमा ग्यास चुलो र सिलिण्डर अनुदानमा वितरण गरेको थियो । पहिलो चरणअन्तर्गत एक हजार परिवारलाई ग्यास सिलिण्डर र चुलो अनुदानमा वितरण गरिएको गाउँपलिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बताए । उनले भने , गाउँघरमा परम्परागत चुलोको प्रयोग बढी छ, यसले आगलागीका घटना बढेका छन्, त्यसैले ग्यासको प्रयोग गरिएपछि आगलागीका घटनामा कमी आउँछ र स्वास्थ्यलाई पनि असर गर्दैन ।

भेरी ग्याससँग सहकार्य गरी घरघरमा ग्यास सिलिण्डर वितरण गरिएको थियो । नरैनापुर क्षेत्रमा वर्षेनी रुपमा आगलागीका घटना हुने गरेको नेपाल रेडक्रस सोसाइटीका अधिकृत प्रह्लाद विश्वकर्मा बताउछन । उनका अनुसार नरैनापुरमा अधिकांश घर फुसको भएकाले र परम्परागत चुलोमा खाना पकाउनले आगो लाग्ने जोखिम बढेको छ । नरैनापुरवासीलाई ग्यासतर्फ आकर्षण गर्न पालिकाले निःशुल्क ग्यास वितरण गरे पनि सिलिण्डरमा रहेको ग्यासलाई प्रयोग गरी पछि त्यसमा आर्थिक समस्याका कारण पैसाको अभावमा ग्यास भर्न नसकिएर सयौँ ग्यास सिलिण्डर थन्किएको अवस्था छ । त्यस क्षेत्रका परिवारमा आर्थिक अभावमा विकल्पको रुपमा अझै पनि गुइँठा र दाउराको प्रयोगको विकल्प नभएको नरैनापुरका स्वास्थ्यकर्मी तारा शर्मा बताउछन । उनले भने , यहाँ यस्तो परिवार छन्, जसलाई दैनिक मजदुरी गरेपछि साँझ बिहानको छाक टर्छ, त्यस्ता परिवारले ग्यास कसरी व्यवस्थापन गर्न सक्छन्, तिनीहरुलाई परिवारको खाना लाउनै समस्या छ । सो क्षेत्रमा यस्ता परिवारको सङ्ख्या बढी रहेको छ । अनुदानमा ग्यास सिलिन्डर प्राप्त गर्ने नरैनापुरका स्थानीय केहीले बेचिसके त केहीले आफ्ना छोरी तथा नातागोतलाई दिए, उनले भने , सिलिन्डर पाए पनि महँगाइले गरिब र किसानका लागि ग्यासको मूल्य छोइनसक्नुभएको छ । नरैनापुर मात्र होइन, नेपालगन्ज नगरसँग जोडिएका थुप्रै गाउँहरुमा गरिबीका कारणले उनीहरु अझै पनि गुइँठा र दाउरा नै प्रयोग गर्ने गरेको पाइन्छ । परम्परागत चुलोको अन्त्य गर्न स्थानीय सरकारले त्यसको विकल्पमा ठोस कार्यक्रम बनाउनुपर्ने गैरसकारी संस्था महासङ्घ बाँकेका सदस्य सूर्यलाल यादव बताउछन । उनले भने , परम्परागत चुलोको अन्त्य गर्नका लागि बिना खचिलो दीर्घकालीन कार्यक्रम लागू गर्नुपर्दछ, अलि वैज्ञानिक विधिको प्रयोगले यसको विकल्प तयार गर्नुपर्दछ, यो समस्या जिल्लाभरि नै छ, शिक्षित तथा अशिक्षित दुवै परिवारले यसको प्रयोग गरिरहेका छन्, त्यसैले सचेतनाका कार्यक्रम र यसको विकल्पमा ठोस योजना स्थानीय सरकारले बनाउनुपर्ने देखिन्छ ।रासस

# नारायणी अस्पतालमा आकस्मिक डायलासिस सेवा



वीरगञ्ज, ७ पुस

पर्साको वीरगञ्जस्थित सरकारी स्वामित्वमा रहेको नारायणी अस्पतालमा आकस्मिक डायलासिस सेवा सञ्चालनमा आएको छ । राउण्ड टेबल नेपालको समन्वय र सिद्धार्थ बैंकको आर्थिक सहयोगमा अस्पतालमा १५ शैययाको डायलासिस सेवा सञ्चालनमा आएको हो । आइसियु कक्षका लागि भवन निर्माण गरी डायलासिस सेवा सुरु गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले जानकारी दिए । नियमित सेवा लिइरहेका बिरामीको अवस्था जटिल बनेमा आकस्मिक डायलासिस कक्षमा उपचार गरिने छ । साथै निमोनियालगायत रोगका कारण एक्कासि मिर्गौलामा असर परेका बिरामीको समेत उपचार गरिने डा प्रधानले जानकारी दिए । आकस्मिक डायलसिस सेवा लिनेले केही शुल्क तिनुपर्ने र शुल्कबापत डायलासिस गर्ने क्रममा चाहिने विभिन्न सामग्री अस्पतालले नै प्रदान गर्ने डा प्रधानले बताए । यसबाहेक नियमित डायलासिस गर्न आउने दीर्घ मिर्गौला रोगीको हकमा अन्य बेलाजस्तै निःशुल्क सेवा दिने उनको भनाइ छ ।

निजी अस्पतालले आकस्मिक डायलसिस सेवाको रु १० हजारदेखि रु १२ हजार शुल्क लिने गरेका छन् । नारायणी अस्पतालले जम्मा रु पाँच हजार शुल्क तोकेको छ । पन्ध्र शैयया रहेको आकस्मिक डायलसिसमा दुई शैयया एचआइभी सङ्क्रमितका लागि छुट्याइएको छ ।

अहिले नारायणी अस्पतालमा २० देखि २२ वटा डायलसिस मेसिन छन् । यी सबै मेसिन २४सै घण्टा तीन सिफ्ट गरी सञ्चालनमा आए ४० जनासम्मको दैनिक डायलासिस गर्न सकिने डा प्रधानले बताए ।

उनले भवन निर्माणका लागि सिद्धार्थ बैंकले रु ५५ लाख र अन्य सहयोगी दाताबाट रु पाँच लाख सहयोग गरी कूल रु ६० लाखमा डायलासिस सेवा सञ्चालनमा आएको बताए ।रासस

# खाद्यान्न किन्न उपभोक्ताको भीड

मान्म, ७ पुस

कालीकोटमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा खाद्यान्न किन्ने उपभोक्ताको वृद्धि हुँदै गएको छ । पछिल्लो समय बजारमा खाद्यान्नको मूल्यवृद्धि भएपछि कम्पनीको खाद्यान्न किन्ने उपभोक्ताको भीड लागेको हो ।बजारमा रु दुई हजार तीन सय पर्ने चामल कम्पनीले रु एक हजार सात सय ५० बिक्रीवितरण गर्दै आएको छ । कम्पनीको एकबोरा चामलमा रु छ सयभन्दा सस्तो पर्ने भएकाले आफू सधैँ कम्पनीमा नै खाद्यान्न किन्ने गरेको खाँडाचक्र नगरपालिका-१ का नरबहादुर विकले बताए । बजारमा खाद्यान्नको मूल्य छोइसक्नु छैन । दिनदिन बजार मूल्य बढेका कारणले म खाद्य डिपोमा खाद्यान्न ल्याउँछु, उनले भने , बजारमा पाइने खाद्यान्नभन्दा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा धेरै मूल्य कम छ ।बजारमा खाद्यान्नको मूल्य वृद्धि हुँदै जाँदा कम्पनीले चामलबाहेकका अन्य खाद्यान्न पनि बिक्री वितरण गर्नुपर्ने स्थानीयवासीले माग गरेका छन् ।

कम्पनीले अन्य ठाउँमा चामल, दाल र गहुँ बेच्ने गरेकोले यहाँ पनि चामल, दाल र गहुँ खरिद गरेर बिक्री गर्नुपर्ने खाँडाचक्र नगरपालिका-३ का जसीप्रसाद पाण्डेले बताए । डिपोमा चामलको माग बढिरहेको कम्पनी प्रमुख कमल पाण्डेले जानकारी दिए । यहाँ खाद्यान्न झर्नेबित्तिकै खरिद गर्ने उपभोक्ताको लाइन लाग्ने गरेको छ, उनले भने , विगतको भन्दा अहिले खाद्यान्न खरिद गर्नेको सङ्ख्या वृद्धि हुँदै गएको छ । जिल्लामा चालु आर्थिक वर्षका लागि मान्म शाखा कार्यालयमा चार हजार पाँच सय क्विन्टल चामलको कोटा निर्धारण गरिएमा हालसम्म एक हजार छ सय ७० क्विन्टल चामल पुगेको र दुई हजार आठ सय ३० क्विन्टल आउन बाँकी रहेको कार्यालयका प्रमुख पाण्डेले जानकारी दिए ।

जिल्लाका अन्य पाँच डिपो रहेको ती डिपोहरूमा एक-एक हजार क्विन्टल खाद्यान्न कोटा तोकिएको जनाइएको छ ।कम्पनीका अनुसार पलाँता गाउँपालिकाको थिर्पु, धौलागोह, महावै गाउँपालिकाको पादमघाट र तिलागुफा नगरपालिकाको खल्लामा तोकिएको एक-एक हजार क्विन्टल खाद्यान्न बिक्री भइसकेको छ ।रासस

# कागती खेतीबाट मनग्य आम्दानी

गलकोट, ७ पुस

पन्ध्र वर्ष कतारमा सवारी चालकका रूपमा काम गर्दै आउनुभएका निसीखोला गाउँपालिका-४ झिम्पाका ३७ वर्षीय रेमबहादुर क्षेत्रीलाई कतारको लोभलाग्दो जागिरलाई छुटाएर गाउँ फर्कायो । पछिल्लो समय बागलुङमा व्यावसायिक कागती खेती गर्ने क्रम बढिरहेको छ । बागलुङ र गलकोट नगरपालिका र निसीखोला गाउँपालिकामा कागतीको खेती थालिएको छ । जिल्लाको निसीखोला गाउँपालिकाका क्षेत्रीसहितका केही किसानले भने कागती खेतीको व्यावसायिक बिक्री-वितरण थालिसक्नुभएको छ ।

अगुवा कागती किसान रिमबहादुर क्षेत्री, निमलाल पौडेल र धरमराज पोखेलले उत्पादन गरेको कागतीले राम्रो बजार पाउन सफल भएको छ । नौ वर्षअघि १० बोटबाट कागती खेती थालेका रेमबहादुर क्षेत्रीको फार्ममा अहिले चार सय कागतीका बोट छन् । अहिले चार सय बोटमध्ये एक सय ५० बोटले कागती उत्पादन दिइराखेको छ । उनले गत वर्षमात्रै कागती बिक्रीबाट रु दुई लाख आम्दानी गर्नुभएको र यस वर्ष आम्दानी बढेर रु तीन लाख ५० हजार पुग्ने बताउँदै कागतीको माग राम्रो भएको बताए ।

कागतीको राम्रो सम्भावना देखेरै कागतीका बिरुवा रोपेको थिए, नियमित हेरचाह गर्न नपर्ने खेती भएकाले बिरुवा थप्दै विदेश जाँदै गरे, जब उत्पादन थाल्यो त्यसपछि विदेशलाई बिट मारेर यही व्यवसायमा लागे, उनले भने , अहिले यहाँको कागती बुर्तिवाङ बजार, बुटवल, पोखरा र काठमाडौँ पुग्छ, यो वर्ष १६ क्विन्टल बिक्री गरिसके बगैँचामा अझै १० क्विन्टल बिक्री गर्न बाँकी छ, होलसेलमा प्रतिकेजी एक सयमा बिक्री गरिरहेको छु, यो वर्षमात्रै रु तीन लाख आम्दानी हुनेछ । किसान क्षेत्रीले बजारको माग राम्रो भएकाले थप २० रोपनी जग्गामा कागती र टिमुर खेती गर्ने योजनामा रहेको बताउँदै कागतीको बजार राम्रो भएकाले निसिखोलाका कृषक कागती खेतीप्रति जागरुक भएको बताए । सैतीस वर्षीय क्षेत्रीले निसीखोला गाउँपालिका-४ छिम्पामा जीवन पोल्टी फार्म तथा विविध कृषि केन्द्र स्थापना गरी विसं २०७४ देखि फार्म दर्ता गरेर आफ्नै १५ रोपनी जग्गामा कागती खेती गर्दै आएका छन । क्षेत्रीले विदेश गएर कमाएको रकमले फार्म व्यवस्थापन गरेको श्रीमती लीला पौडेलले फार्ममा सहयोग गर्दै आएको बताए ।

उनको फार्ममा कागती खेतीसँगै १० घार मौरी र २०-२० बोटबाट हलुवावेद र अमिलोसमेत उत्पादन भइरहेको छ । अहिले कागतीको माग धान्नै धौ धौ भएको क्षेत्रीको भनाइ छ । कागतीको दानासँगै चुक र अचारसमेत बिक्री गर्न सकिने उनको भनाइ छ। क्षेत्रीले वार्षिक रु ४० लाख आम्दानी गर्ने योजनाका साथ कागती खेती विस्तारमा लागेको बताए। यस्तै निसीखोला गाउँपालिका-४ बडाचौरका निमलाल पौडेलले यस वर्ष ३० क्विन्टल कागती बिक्री गरिसके ।

छब्बीस रोपनी जग्गामा उनका नयाँ तथा पुराना बिरुवा गरी चार सय ५० बोट छन् । अहिले उनको कागती बगानमा झण्डै ३० क्विन्टल कागती अझै बिक्री गर्न बाँकी छ । पौडेलले विसं २०५५ मा एक सय बोटबाट सुरु गरेको कागती खेतीलाई क्रमशः व्यावसायिक बनाउँदै आएका छन ।

उनले उत्पादन भइरहेको कागतीलाई बुटवल, काठमाडौँ र पोखरालगायतका क्षेत्रमा बिक्री हुने गरेको बताए । रासस

# एउटै गाउँबाट एक करोडको सुन्तला बिक्री

वालिङ, ७ पुस


स्याङ्जाको एउटै गाउँबाट रु एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ । वालिङ नगरपालिका वडा नं ४ सुन्तलाबारीबाट यसवर्षमात्रै रु एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको हो । सुन्तलाबारी गाउँका २२ घरधुरीले सुन्तलाको ठेक्का तथा खुद्रा बिक्रीबाट राम्रो आम्दानी गर्न सफल भएको सुन्तलाबारी सामुदायिक ‘होमस्टे’ अन्तर्गत सुन्तला बगैँचा व्यवस्थापन समितिका अध्यक्ष खेमराज गुरुङले बताए । अहिले ठूला बगैँचाको सुन्तला ठेक्कामार्फत् एक करोडको बिक्री भइसकेको छ, उनले भने , अब साना बगैँचाका करिब रु सात लाख बराबरका सुन्तला बिक्री हुन बाँकी छ । यहाँ उत्पादन भएका सुन्तला पोखरा, बुटवल, मुग्लिनलगायतका ठाउँबाट ठेकेदार आइ बोट वा बगैँचा नै खरिद गर्छन् । तौल गरी बेच्दा प्रतिकेजी रु ६ देखि ७० मात्रै पर्ने भएकाले किसानले बोट नै ठेक्का दिने गरेका छन् । गतवर्ष कति मूल्य थियो र अहिले कस्तो फलेको छ भन्ने आधारमा मूल्याङ्कन गर्छौं, उनले भने , अन्दाजी ४०/५० हजार फाइदा हुने गरी ठेक्का दिइने भएकाले बजार खोज्नुपर्दैन, ढुवानी तथा टिप्नका लागि कामदार पनि चाहिन्न । गाउँमा रहेका २२ घरले न्यूनतम एक लाख ५० हजारदेखि बढीमा १३ लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी गरेको उहाँको भनाइ छ । सुन्तला बिक्रीबाट पाँच लाखभन्दा बढी आम्दानी गर्ने घरधुरीको सङ्ख्या धेरै छ । गतवर्ष यस गाउँबाट रु ८७ लाख ७४ हजार बराबरको सुन्तला बिक्री भएको थियो । यसवर्ष सुन्तला गतवर्षको तुलनामा धेरै र बाक्लो फलेकाले आम्दानी पनि बढेको उहाँले बताए । गत वर्ष एघार हजार सुन्तलाका बोट रहेपनि यस वर्ष तीन हजार तीन सय सुन्तलाका नयाँ बोट थपिएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोनले यस गाउँलाई पनि समेटेपछि बगैँचा विस्तार गरिएको हो । यहाँ उत्पादन भएको सुन्तला सबै बिक्री हुँदैनन उनले भने , गाउँमा होमस्टे सञ्चालनमा रहेकाले यहाँ आउने पाहुना तथा आफन्तलाई कोसेलीस्वरुप सुन्तला दिने गरिएको छ। यो गाउँको नाम पनि सुन्तालासँगै जाडिएको छ । अन्य समयको तुलनामा यस समयमा होमस्टेमा आउने पाहुनाको सङ्ख्यामा बढी हुनेगरेको छ ।रासस

# खाद्य कम्पनीले किसानको धान खरिद गर्ने

गौरादह, ७ पुस

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बिर्तामोडले किसानसँग धान खरिद गर्ने भएको छ । आगामी बुधबारदेखि किसानसँग भएको धान खरिद गर्ने कम्पनीले जानकारी दिएको छ ।

कम्पनीले मध्यम (सोना मन्सुली) धान प्रतिक्वीन्टल रु तीन हजार एक सय २८ र रञ्जीत धान प्रतिक्वीन्टल रु तीन हजार एक सय २८ मा खरिद गर्ने भएको हो । कार्यालय प्रमुख देवेन्द्र राईले किसानलाई समर्थन मूल्यमा धान खरिद गरिने जानकारी दिए । उनले धान तौलाई, चौकाइसम्बन्धी सम्पूर्ण खर्च कम्पनीले नै व्यहोर्ने तर धानमा घुन, किरा नलागेको तथा अन्य बाह्य पदार्थ तथा अन्य धान नमिसिएको हुनुपर्ने बताए । धान सार्वजनिक विदाबाहेक हरेक दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म



खरिद गरिनेछ । धान बिक्री गर्ने किसानले नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको किसान पहिचानको सिफारिस पत्र, गाउँपालिका, नगरपालिकाको कृषि शाखा वा कृषि ज्ञान केन्द्र कार्यालयको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने व्यवस्था रहेको राईको भनाइ छ । केही दिनअघि धानको समर्थन मूल्य कार्यान्वयनको माग गर्दै किसानले कार्यालयमा तालाबन्दी गरेका थिए ।रासस



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरको मुख्य दुर्गा चोकमा अस्तव्यस्त अवस्थामा रहेको विद्युत, टेलिफोन र केबुलका तारहरू। *तस्बिर : सञ्जीतकुमार मण्डल/रासस*

# कुर्था–बिजुलपुरा रेलमार्ग छिट्टै नेपाललाई हस्तान्तरण गरिने

जनकपुरधाम, ७ पुस

जयनगर-बर्दिवास रेलमार्गअन्तर्गत कुर्थाबाट बिजुलपुरासम्मको रेलमार्ग निर्माण लगभग सकिएको छ। सो खण्डमा आवासलगायतका थोरै निर्माण बाँकी रहेको र धेरै काम सकिएकाले भारतीय पक्षले हस्तान्तरण गर्न नेपाल सरकारलाई जानकारी गरेको रेल विभागले जनाएको छ। भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गर्ने कुरा सुरु गरेको विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जीनियर) अमन चित्रकारले बताए । उनले भने , “अब छिट्टै नै यो खण्ड सरकारलाई हस्तान्तरण हुनसक्छ ।”बाँकी रहेका थोरै काम भारतीय पक्षले नै गर्ने प्रवक्ता चित्रकारले जानकारी दिए । पहिले हस्तान्तरण भएपछि नै बाँकी काम गरिसकिने उनको भनाइ छ ।

अहिले नै निर्माण शतप्रतिशत सकिएको नभए पनि जति संरचना सकिएको छ त्यो हस्तान्तरण गर्न भारतीय पक्षले भनेको उहाँले बताए । उनले भने , “हाम्रो तर्फबाट निर्णय भएपछि हस्तान्तरण हुनेछ ।” अहिले भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा रहेको छ। रेलमार्ग हस्तान्तरण भएपछि महोत्तरीको बिजुलपुरासम्म नै रेल सञ्चालन गर्न सकिने प्रवक्ता चित्रकारले जानकारी दिए । अहिले नै कुर्थाबाट रेल बिजुलपुरासम्म जानसक्ने भइसकेको छ । रेल नियमितरूपमा बिजुलपुरासम्म सञ्चालन गर्न थप जनशक्ति आवश्यक हुनेछ । उनले भने , “भारत सरकारले हस्तान्तरण गरेर नेपाल रेल्वे कम्पनीले आवश्यक जनशक्तिको व्यवस्थापन गरेर रेल चलाउन सक्नेछ ।”भारतीय अनुदान सहयोगमा निर्माणाधीन सो रेलमार्गको मुख्य पूर्वाधारको काम सकिएको छ । बिजुलपुराबाट महोत्तरीको बर्दिवाससम्मको निर्माण पनि भारतीय पक्षले नै गर्नेछ । कुर्थासम्म रेलको लाइन पुरानो नै भएकाले जग्गाको ठूलो समस्या नभए पनि बिजुलपुराबाट बर्दिवास खण्डमा जग्गा प्राप्ति गर्नुपर्ने रेल विभागले जनाएको छ । अहिले धेरै जग्गा प्राप्त भइसकेकाले निर्माणमा जान सकिने प्रवक्ता चित्रकारले जानकारी दिए । भारतीय पक्षले कुर्थासम्मको खण्डमा पहिले रेलमार्ग भएकै ठाउँमा पुराना सबै पूर्वाधार हटाएर नयाँ निर्माण सुरु गरेको थियो। पहिले ‘न्यारो गेज’ मा निर्माण भएकामा अहिले ‘ब्रोड गेज’ मा निर्माण भएको हो ।

यो रेलमार्ग निर्माणमा प्राविधिक र आर्थिक दुवै पक्ष भारतीय सहयोगमा भएको हो । हाल सञ्चालनमा रहेको रेल सेट भने नेपाल सरकारले भारतीय सरकारी कम्पनीसँग खरिद गरेको रेल विभागले जनाएको छ । जयनगरबाट जनकपुर, कुर्था, बिजलपुरा हुँदै सो रेलमार्ग बर्दिवाससम्म पुग्नेछ। नेपाल सरकार आफैँले निर्माणअघि बढाइरहेको पूर्व-पश्चिम रेलमार्ग पनि बर्दिवास नै भएर अघि बढ्नेछ। यी दुवै रेलमार्ग बर्दिवासमै भेटिने गरी योजना बनाइएको छ। पहिलो खण्डमा कुर्थासम्मको निर्माण सकिएपछि नै बिजुलपुरासम्मको निर्माण अघि बढाइएको थियो । यो खण्ड सकिएकाले अब बर्दिवाससम्मको निर्माण अघि बढाइने विभागले जनाएको छ । लामो समयसम्म जग्गा विवादकै कारण कुर्था-बिजुलपुरा रेलमार्ग निर्माण अघि बढ्न सकेको थिएन भने त्यो टुङ्गिएसँगै रेलमार्ग निर्माण गरिएको हो ।सन् २०१० मा तत्कालीन राष्ट्रपति रामवरण यादवको भारत भ्रमणका क्रममा दुई देशका सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो । भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को जोगबनी-विराटनगर रेलमार्गमा मात्रै निर्माण भइरहेको छ । त्यसबाहेकका न्यू जलपाइगुडी-काँडडभिट्टा, नौतनवा-भैरहवा र रुपैडिया-नेपालगञ्ज क्षेत्रमा भने निर्माण सुरु हुनसकेको छैन । नेपालमा राणाकालमै विसं १९८४तिर भारतको रक्सौलबाट नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरबाट जनकपुरसम्म रेलसेवा थियो । त्यो बन्द भएको लामो समयपछि नयाँ प्रविधिको रेलमार्ग निर्माण गरिएको हो । जयनगर-कुर्था रेल सञ्चालनकै लागि सरकारले दुई सेट रेल खरिद गरेको थियो । कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण झण्डै तीन वर्षपछि विसं २०७८ चैत २१ गतेबाट सो रेलमार्ग सञ्चालन भएको हो ।



प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा रेलको भर्चुअल उद्घाटन गर्नुभएको थियो । अहिले रेल नियमित सञ्चालनमा रहेको छ ।कुर्थादेखि बिजुलपुरासम्म रेलमार्ग १७ किमी रहेको छ । जयनगरबाट बिजुलपुरासम्म रेलमार्ग निर्माण हुँदा जम्मा ५२ किमीमा रेल सञ्चालन हुनेछ । बर्दिवाससम्म नै खण्डमा निर्माण सकिँदा यो रेलमार्गको जम्मा लम्बाइ झण्डै ७० किमीको हुने बताइएको छ ।अहिले सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम रेलमार्ग अघि बढाइरहेको छ। अपर्याप्त बजेटका कारण निर्माणले गति लिइरहेको छैन । भारत सरकारले काठमाडौं-रक्सौल र चीन सरकारले काठमाडौं-केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको छ ।रासस

# जेसिजद्वारा उत्कृष्ट १० युवा पुरस्कृत

मधेशदृष्टि- जनकपुरधाम, पुस ७ ।

नेपाल जेसिसले वीरगन्जमा विभिन्न विधामा विशिष्ट योगदान गरेका १० युवालाई उत्कृष्ट युवा पुरस्कृत गरेको छ ।

नेपाल जेसिसको बिहीबार वीरगन्जमा सुरु भएको ४९ औं राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा उनीहरूलाई पुरस्कार सहित सम्मानित गरिएको हो ।

सम्मानित हुनेहरुमा स्वास्थ्य क्षेत्रबाट डा. मेराज आलम अन्सारी; खेलकुद क्षेत्रबाट चन्द्रप्रसाद गौतम; सामाजिक न्याय तथा जातीय विभेद अन्त्यको क्षेत्रबाट कल्पना भट्ट; मानव अधिकार तथा सामाजिक न्याय क्षेत्रबाट बिपिन बुढाथोकी; संगीत तथा प्रस्तुतिसँग सम्बन्धित क्षेत्रबाट पशुपति शर्मा; साहित्य, कला तथा संस्कृति क्षेत्रबाट प्रदीप पाण्डे रोदन; कृषि क्षेत्रबाट यादवराज जोशी; आर्थिक विकास तथा व्यापारिक क्षेत्रबाट योगेन्द्र चिमरिया; शैक्षिक विकास क्षेत्रबाट रश्मी पन्त; देशको प्रतिष्ठा बढाउन अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको योगदानका लागि सुधन ज्ञवालीलाई रहेको छ ।

उनीहरूलाई समारोहका प्रमुख अतिथि मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत तथा नेपाल जेसिसका राष्ट्रिय अध्यक्ष लालमणि भण्डारीले संयुक्त रुपमा स्वर्णपदक, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरेका थिए ।

## मधेश सरकार आर्थिक ..............................

संघबाट पहिलो तर पहिलो चौमासिकको रकम निकासा भएको छैन, प्रदेशको राजस्व नउठेर आन्तरिक आम्दनी पनि छैन, कोष पनि खालि भइसकेको कारण पुस महिनादेखि कर्मचारीलाई तलब खुवाउन समस्या हुनेछ । चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले राजस्वबाट ४ अर्व १९ करोड रुपैयाँ राजस्व उठने अनुमान गरेपनि चालु अर्थिक वर्षको ५ महिना बितिसक्दा पनि अहिलेसम्म २० करोड रकम पनि राजस्व उठन नसकेको सचिव ठाकुरले बताए ।

उनका अनुसार प्रदेश सरकारको राजस्व आउने प्रमुख श्रोत जग्गा रजिष्ट्रेशन र नयाँ सवारी साधनको नामसारी रहेको छ। तर कित्ताकाटको समस्याले अहिले प्रदेशमा जग्गाको कारोबार न्यून भएको छ भने नयाँ सवारी साधनको खरिदमा पनि लामो समयदेखि संघीय सरकारले नै आयातमा रोक लगाएपछि राजश्वमा कमी भएको छ ।

## नियन्त्रणात्मक तथ्याङ्क कानुन ................

मिडिया र टेक कम्युनिटीका विभिन्न प्रयास र अभ्यासहरूले उल्लेखनीय आधारहरू तयार गरेको छ। केही वर्ष अघिदेखि तथ्याङ्कको वितरण र प्रयोगगरी विकासका चुनौतीहरूको नवीन रूपमा सम्बोधन गर्न संस्थागत एवम् समूहगत प्रयासहरूमा बढोत्तरी भएको छ । यीमध्ये केही समूहहरूले खुला तथ्याङ्कको प्राविधिक समाधानका क्षेत्रमा काम गरिरहेका छन् भने केहीले उपयुक्त सार्वजनिक नीति निर्माणका लागि सरकारसँग पैरवीको प्रक्रियामा संलग्न छन् ।

तथ्यांकका प्रयोगकर्ताहरू विभिन्न समूहका हुन्छन् । सामान्यतया नागरिकहरू त्यस्ता सूचनाको प्रयोग सेवा प्राप्तिका लागि गर्छन् भने नागरिक समाजका समूहहरू बहस तथा विश्लेषण गर्नका लागि प्रयोग गर्छन् । साथै त्यस्ता समूहहरूले मिडियालाई तथ्याङ्क प्राप्त गर्नका लागि सहजता प्रदान गर्छन् । सामान्य रूपमा विश्लेषण गर्न कठिन हुने तथ्यांकलाई सरल र प्रविधिमैत्री पनि बनाइदिन्छन् । सरकारका निकायहरूले पनि त्यस्ता तथ्यांकहरूलाई योजना तथा नीति निर्माणका लागि प्रयोग गर्छन् ।


नयाँ कानुनले तथ्यांक विद्युतीय अभिलेखमा राख्नुपर्ने व्यवस्था गरिएको छ जुन सकारात्मक छ तर तथ्याङ्कलाई सार्वजनिक सम्पत्तिको रूपमा परिभाषित गरेको छैन । साथै, तथ्यांकको पुनः प्रयोग, पुनर्वितरण र खुला लाइसेन्सिङ प्रावधानको पनि व्यवस्था गरिएको छैन। तथ्यांक संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्यक्षेत्र, तथ्यांकसम्बन्धी विधि र अनुमानित लागतसहित कार्यालय समक्ष निवदन दिनुपर्ने र कार्यालयले अनुमति दिनुपर्ने प्रावधानले तथ्याङ्कीय खुलापनको सिद्धान्तलाई आत्मसात गरेको छैन । व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच स्थापना गर्ने व्यवस्था राखिएको छ जसले नागरिकको तथ्याङ्कमाथिको अधिकार र पहुँच निश्चित गर्दैन ।

तथ्यांक संकलन, प्रकाशन, प्रशोधन, अर्ध प्रशोधन र कोरा तथ्यांकको वितरण गर्दा गोपनियता कायम हुने प्रावधान राखिएको छ र तथ्यांकको प्रतिलिपि अधिकार कार्यालयमा रहने व्यवस्था गरिएको छ । जुन तथ्यांकीय खुपलापनको सिद्धान्त विपरीत छ । समग्रमा नयाँ प्रावधानहरू खुला तथ्यांकको मर्म, मूल्य र मान्यता अनुकुल छैनन् । सूचनाको हकको ऐनले स्थापित गरेको सूचनाको परिभाषा र त्यस माथिको पहुँचमा सहजताको विषय यो कानुनले बिर्सेको छ। तथ्याङ्क प्रणालीमा नागरिक समाज, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रको सिर्जनात्मक संलग्नता सुनिश्चित गर्ने अवधारणामा संकुचन देखिन्छ । डिजिटल प्रणालीका तथ्याङ्कहरू निःशुल्क पाउनुपर्ने विषय सुनिश्चित छैन ।श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## रामनारायण मिश्रः दावाग्नि ..........................

हो। उहाँको संझनालाई सदैव जीवन्त राख्न उहाँका बारेमा धेरै लेख्नु पर्ला, अन्यथा यो अद्भूत, अद्वीतीय व्यक्तित्व, निष्ठाका सगरमाथा, दावाग्नि लुकाएका हिमालय आजका सत्ता लम्पट मधेसी नेताहरू र आजका नेकाका नेताहरूकै रोहमा कसैले मिश्र जीको माटोको शालिक राखि देला जो बर्षामा पाखालिनेछ । (जयप्रकाश आनन्दको फेसबुकबाट साभार, पुष ६ गते रामनारायणको ५५ औं पुण्यतिथि हो ।)

# महेन्द्र राय यादवले आज शपथ लिने



काठमाडौँ, ७ पुस

प्रतिनिधिसभाका नवनिर्वाचित सांसद महेन्द्र राय यादवले शुक्रबार बिहान पद तथा गोपनियताको शपथ लिने भएको छ । उमेरसम्बन्धी प्राविधिक कारणबाट विहिवार शपथ लिन नसकेपछि उनलाई सङ्घीय संसद् सचिवालयले शुक्रवार मात्र शपथ गराउने तयारी गरेको छ । यादवलाई प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले शुक्रबार बिहान सिंहदरबार स्थित संसद् सचिवालयमा शपथ गराउने छ ।

सचिवालयले प्रतिनिधिसभाका नवनिर्वाचित सांसदलाई बिहीबार शपथ गराउने कार्यक्रम राखेको थियो । नयाँबानेश्वरस्थित सङ्घीय संसद् भवनमा विहिवार आयोजित समारोहमा दुई सय ७० सांसद्ले ज्येष्ठ सदस्य राणाबाट पद तथा गोपनियताको शपथ लिएका छन । यादवसँगै सांसद प्रेमबहादुर आले, माया राई र रामकुमार राई विहिवार शपथ लिन अनुपस्थित भए। आले पारिवारिक शोकमा र राई सुत्केरी भई अस्पतालमा छन । खोटाङबाट निर्वाचित सांसद रामकुमार राई हवाईजहाज छुटेकाले शपथ ग्रहण समारोहमा सहभागी हुन नसक्नुभएको संसद् सचिवालयले जनाएको छ । रासस

# संसदीय दलको नेतामा अध्यक्ष दाहाल प्रचण्ड चयन



काठमाडौँ, ७ पुस

नेकपा (माओवादी केन्द्र) को संसदीय दलको नेतामा पुष्पकमल दाहाल ‘प्रचण्ड’ चयन भएका छन ।

सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा विहिवार बसेको दलको बैठकले नेतामा अध्यक्ष दाहाललाई चयन गरेको हो ।

यस्तै, दलको प्रमुख सचेतकमा हितराज पाण्डे निर्विरोध चयन भएका छ। दलको उपनेता र सचेतक भने चयन गरिएको छैन । यस्तै, राष्ट्रियसभातर्फ दलको नेता नारायणकाजी श्रेष्ठ चयन भएका छन । प्रमुख सचेतकमा गोपीबहादुर सार्की अछामी र सचेतकमा गङ्गाकुमारी बेल्बासे पहिलेदेखि नै कार्यरत छन । माओवादीको विहिवारको पदाधिकारीको बैठकले संसदीय दलको नेतामा नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेतरहेकापूर्वप्रधानमन्त्री दाहाललाई संसदीय दलको नेता बनाउने निर्णय गरेको थियो । सोही बैठकले प्रमुख सचेतकमा नेता पाण्डेलाई चयन गर्ने निर्णय गरेको थियो । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादीले प्रत्यक्ष र समानुपातिक गरी ३२ स्थानमा जित हासिल गरेका छ ।रासस





डिसेम्बर २०, २०२२ मा न्युयोर्कको लङ आइल्याण्ड र म्यानहट्टन शहरको स्काईलाइनअगाडि न्यूटाउन क्रिकको छेउमा एउटा बार्ज यात्रा गर्दछ ।
(फोटोः एड जोन्स/ एएफपी)

# आर्जेन्टिनालाई विश्वकप जिताउने मेस्सी के सर्वकालिक महान् फुटबल खेलाडी हुन्

काठमाण्डौ,पुस ७
कतारको लुसैल रङ्गशालामा आइतवार लियोनेल मेस्सी सबैको आकर्षणको केन्द्रमा थिए । आफ्नो लोभलाग्दो खेलजीवनमा पाउन नसकिरहेको एउटा उपाधि अन्ततः उनले त्यहाँ हात पारे । परम्परागत अरबी पहिरनमा यी ३५ वर्षीय आर्जेन्टिनी नायकले आफ्नो खेलजीवनमा निकै प्रतीक्षा गरिएको विश्वकप उचाल्नुअघि आफ्ना हत्केला रगडे । आतीसबाजी भइरहेको बेला उनले विश्वकप उचालेर हर्षोल्लास मनाए । मेस्सीले आफ्नो सपना पूरा गरे । धेरैले विश्वकप इतिहासमै हालसम्मकै उत्कृष्ट भनिरहेको फाइनलमा उनले कपहरूको सङ्कलनमा रहेको अभावलाई पूर्ति गरे । सातवटा ब्यालोन डोर, चारवटा च्याम्पीअन्स लीग, एउटा कोपा अमेरिका, स्पेनी क्लब बार्सिनोलाबाट १० वटा ला लिगा र पीएसजीबाट फ्रान्सेली लीगको उपाधिसँगै विश्वकप पनि उनको उपलब्धिको सूचीमा थपिएको छ ।

यो उपाधिलाई मेस्सीका करोडौं समर्थकहरूले उनी फुटबलका सर्वकालिक महान् खेलाडी हुन्न भन्ने प्रमाणका रूपमा प्रस्तुत गर्नेछन् । विश्वकपको पन्ध्र इन्च अग्लो स्वर्ण ट्रफीका कारण धेरैले मेस्सी महान् रहेको बताउनेछन्। अनि त्यस तर्कमा विमति राख्नेहरूलाई आफ्नो तर्क पेस गर्न कठिन हुनेछ । अब मेस्सीलाई पेले र आइतवार लुसैल रङ्गशालामा धेरै आर्जेन्टिनीहरूले बोकेको ब्यानरमा देखिएका अर्का खेलाडीकै पङ्क्तिमा राखिनेछ भन्नेमा कोही असहमत हुन सक्नेछैन । प्रसिद्ध खेलाडी तथा उनका पूर्ववर्ती डिएगो म्याराडोनालाई उत्कृष्ट खेलाडीको श्रेणीमा एउटा स्वाभाविक बलियो पात्रका रूपमा हेरिन्छ । आइतवारअघिसम्म उनीहरू दुईबीच एउटा भिन्नता थियो - म्याराडोनाले ३६ वर्षअघि मेक्सिकोमा विश्वकप हात पारेका थिए तर मेस्सीले त्यसो गर्न सकेका थिएनन्



। सर्वकालिक महान् खेलाडीबारेको कुराकानीमा मेस्सी सधैं रहनेछन् । विश्वभरि खेलिने यो खेलको उच्च सम्मान हात पारेकाले यसबारेको बहसमा अब मेस्सीको उनको खेलकौशल जत्तिकै बलियो चर्चा हुनेछ । सफलताको यो उच्चबिन्दुमा मेस्सी कसरी पुगे? आर्जेन्टिनालाई विश्वकप जिताउने र मेस्सीको नाम सदाका लागि जोडिनेगरी भएको प्रतिस्पर्धाको उत्कर्षलाई कसरी हेर्ने ? मेस्सीले पक्कै आफू सहभागी भएको सन् २००६ को पहिलो विश्वकपदेखि सन् २०१४ को फाइनलमा जर्मनीसँग पराजित हुँदासम्मको विगतका कारण अहिलेको उपाधि सहजै जितिने खालको नभएको थाहा पाएको हुनुपर्छ ।

त्यसैले निकै सकसपछि लुसैल रङ्गशालाको पछिल्लो दर्शनीय रातमा मेस्सीले आर्जेन्टिनाको लागि तेस्रो विश्वकप जिताउँदा त्यो झन् आकर्षक बनेको थियो ।

अनि त्यो सबै फ्रान्सका २३ वर्षीय प्रतिभाशाली खेलाडी किलियान एम्बाप्पेको उपस्थितिमा भएको थियो ।

यदि अहिले भइसकेको छैन भने पनि उत्कृष्ट खेलाडीको बहसमा आगामी दिनमा एम्बाप्पेको नाम मेस्सीसँगै आउने नै छ । मेस्सीको विश्वकप यात्राको अन्तिम अध्याय बनेको फ्रान्सविरुद्धको खेलमा सुरुदेखि नै रहस्य र रोमाञ्च देखा परे। निकै उतारचढावहरू आए । अविस्मरणीय बनेको आइतवार राति उक्त अध्याय निकै राम्ररी समापन भयो । विविसी

# युक्रेन अझै जीवन्त र सक्रिय छ

वासिङ्टन, ७ पुस
युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सबै प्रतिकूलता र विनाश र निराशाका बाबजुद युक्रेन जीवन्त र सक्रिय रहेको बताएका छन । स्थानीय समयअनुसार बुधबार अमेरिकी संसद सदस्यहरूलाई सम्बोधन गर्दै उनले भने , सबै प्रतिकूलता, विनाश र निराशाका बाबजुद युक्रेन पतन भएको छैन । युक्रेन अझै जीवन्त र सक्रिय छ । रूसले युक्रेनमाथि आक्रमण गरेपछि भएको राष्ट्रपति जेलेन्स्कीको पहिलो विदेश भ्रमणका क्रममा उनले भने , अमेरिकी काङ्ग्रेसमा तपाईं र सबै अमेरिकीसँग कुरा गर्न पाउनु ठूलो सम्मानको कुरा हो ।



सबै बाधाहरू, र विनाश र निराशाको विरुद्ध, युक्रेन पतन भएको छैन । उनले भने , हामीलाई कुनै डर छैन, युक्रेनले आक्रमणको पहिलो चरण जितिसकेको छ ।

रूसी निरंकुशताले हामीमाथिको नियन्त्रण गुमाइसकेको छ । युक्रेनी राष्ट्रपति जेलेन्स्कीले अमेरिकी समकक्षी जो बाइडेनसँगको भेटवार्तापछि अमेरिकी संसदका सदस्यहरूलाई सम्बोधन गर्नुभएको हो । भेटवार्तामा अमेरिकी राष्ट्रपति वाइडेनले युक्रेनलाई निरन्तर समर्थन गर्ने आश्वासन दिएका थिए । जेलेन्स्कीले अमेरिकी संसदलाई सम्बोधन गर्ने क्रममा युक्रेनमा रूसको युद्धलाई नजरअन्दाज गर्न विश्व निकै अन्तरसम्बन्धित रहेको बताए । उनले थपे , समुद्र वा अन्य कुनै कुराले सुरक्षा प्रदान गर्नेछ भन्ने आशामा यो युद्धलाई रोक्न वा स्थगित गर्न सकिँदैन । संयुक्त राज्य अमेरिकादेखि चीनसम्म, युरोपदेखि ल्याटिन अमेरिकासम्म र हरेक देशबाट अस्ट्रेलियासम्म, संसार यति धेरै अन्तरसम्बन्धित र अन्योन्याश्रित छ कि कसैलाई अलग रहन र यस्तो युद्ध जारी रहँदा पनि अझै सुरक्षित महसुस गर्न सकिन्छ, उनले भने । उनले भने , हाम्रा दुई मुलुक यो लडाइँमा परस्पर सहयोगी छन् र मलाई थाहा छ युक्रेनी साहस र अमेरिकी संकल्पले गर्दा अर्को वर्ष एउटा 'टर्निङ प्वाइन्ट' ल्याउनेछ । आफ्नो मूल्यमान्यताको पक्षमा उभिने मानिसको स्वतन्त्रताले हाम्रो साझा स्वतन्त्रताको भविष्यको सुनिश्चितता गर्नुपर्दछ । युक्रेनी जनताका लागि आशाको सन्देश दिँदै उनले भने , रूसीहरूले बाख्मुत जस्ता शहरहरूविरुद्ध 'सबै कुरा प्रयोग गर्छन' तर युक्रेनले ' कहिल्यै आत्मसमर्पण गर्दैन'। जेलेन्स्कीले रूसलाई चेतावनी दिँदै भने , रूसीहरूले 'दिनरात ७० हजार मानिसहरूको शहर कब्जा गरिरहेका छन्, तर बखमुत खडा छ । युद्धको ३०० दिनभन्दा बढी भइसक्दा पनि युक्रेनका सैनिकहरूले आफ्नो देशको रक्षा गरिरहेका छन्, तर उनीहरूलाई युद्धभूमिमा जित्नका लागि थप हतियारको आवश्यकता छ, जेलेन्स्कीले सम्बोधनका क्रममा भने ।

युक्रेन आफ्नो स्वतन्त्रता र अस्तित्वका लागि लडिरहेको बताउँदै जेलेन्स्कीले भने , ती लक्ष्य हासिल गर्न संयुक्त राज्य अमेरिकाको निरन्तर सहयोग आवश्यक रहनेछ । यसअघि अमेरिकी राष्ट्रपति जो बाइडनले जेलेन्स्कीसँगै एक पत्रकार सम्मेलनमा युक्रेनलाई निरन्तर सहयोग गर्ने आश्वासन दिँदै अमेरिकाले थप १.८ अर्ब अमेरिकी डलरको सहायता प्याकेजअन्तर्गत कीभलाई प्याट्रियट क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली पठाउने घोषणा गरेका थिए । जेलेन्स्कीले अमेरिकीहरूलाई सहयोगका लागि धन्यवाद दिँदै रुसी आक्रमणको सामना गर्न हवाई प्रतिरक्षा प्रणाली महत्वपूर्ण रहेको दोहोर्‍याए । (रासस/एएनआई)

# मेची रङ्गशालामा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता हुँदै

झापा, ७ पुस
जीर्ण अवस्थामा रहेको झापाकै पुरानो र स्थायी मेची रङ्गशालाको स्तरोन्नतिका लागि अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता हुने भएको छ । जिल्लाको सदरमुकाम भद्रपुर राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने थलो भएता पनि विगत १८ वर्षयता फुटबलका ठूला र प्रतिष्ठित खेलहरू यो रङ्गशालामा हुन नसक्दा जीर्ण भएको हो । जीर्ण रङ्गशालाको स्तरोन्नति गर्ने उद्देश्यले भद्रपुर नगरपालिका, विभिन्न व्यवसायीहरू, उद्योगीहरूको संयुक्त पहलमा फागुन अन्तिम सातादेखि 'भद्रपुर झापा गोल्डकप' अन्तर र्ष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता हुने आज पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ । गोल्डकप समितिका अध्यक्ष दीपेश ढकालले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) सँगको छलफलपछि खेलको मिति तय हुने पत्रकार सम्मेलनमा जानकारी दिए । जिल्लाको सबैभन्दा पुरानो र व्यवस्थित मेची रङ्गशाला देशका चर्चित र सफल खेलाडीहरूको प्रारम्भिक खेल मैदान हो । अठार वर्षअघि आयोजना भएको 'त्रिभुवन मेमोरियल गोल्डकप' पछि फुटबलका ठूला र प्रतिष्ठित खेलहरू आयोजना हुन नसक्दा मेची रङ्गशालाको खेल मैदान र थप पूर्वाधारलाई व्यवस्थित गर्न नसकिएको उनको भनाइ छ । उनका अनुसार प्रतियोगिताका विजेताले नगद रु १३ लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ भने उपविजेता टिमले नगद रु सात लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताका लागि मेची रङ्गशालाको स्तरोन्नति सुरु भइसकेको उहाँले जानकारी दिनुभयो ।

हाल रङ्गशालामा झार रोप्ने र माटोको स्तर मिलाउने काम भइरहेको छ । "यो प्रतियोगिता झापाको प्रतिष्ठित 'झापा गोल्डकप'कै निरन्तरताको एउटा कडी भएको पनि जानकारी गराउन चाहन्छौँ", अध्यक्ष ढकालले भने । बिर्तामोडस्थित डोमालाल राजवंशी रङ्गशालामा आयोजना हुँदै आएको ' झापा गोल्डकप'लाई यस वर्ष रोकेर मेची रङ्गशालामा 'भद्रपुर झापा गोल्डकप' आयोजना गर्न लागिएको हो । प्रतियोगितामा नेपालका ' ए' डिभिजन क्लबहरूसहित विदेशी टोलीको सहभागिता रहने वरिष्ठ उपाध्यक्ष तथा टिम व्यवस्थापन तथा छनोट उपसमिति संयोजक आदित्य पराजुलीले जानकारी दिए । प्रतियोगितामा १० टोलीको सहभागिता रहनेछ । खेल सञ्चालनका लागि भद्रपुर नगरपालिकाले चालु आर्थिक वर्षमा गोल्डकपका लागि रु ३० लाख बजेट छुट्याएको नगरप्रमुख गणेश पोखरेलले जानकारी दिए । कूल रु एक करोड ५० लाख खर्च अनुमान गरिएको प्रतियोगिताका लागि बाँकी रकम व्यापारिक प्रतिष्ठनबाट स्पोन्सरका रूपमा सङ्कलन गरिने उनले बताए ।

प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फर्वाड र उत्कृष्ट प्रशिक्षकलाई रु २५ हजार तथा प्रत्येक खेलको 'म्यान अफ दी म्याच' खेलाडीलाई नगद रु १० हजार पुरस्कार प्रदान गरिनेछ । प्रतियोगिताका सबै खेलमा भद्रपुर नगरभित्रका सरकारी विद्यालयका विद्यार्थी, ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकलाई प्रवेश निःशुल्क गरिएको अध्यक्ष ढकालले पत्रकार सम्मेलनमा बताए । रासस

# महिलाले उच्च शिक्षा लिन नपाउने तालिबानको निर्णय सच्याउन अपिल

संयुक्त राष्ट्रसङ्घ ७ पुस
तालिबान सरकारले यहाँका महिला तथा किशोरीहरुलाई विश्वविद्यालय जान प्रतिबन्ध गरेको विषयको विरोध भइरहेका बेला संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले सो निर्णय सच्याउन आग्रह गर्नुभएको छ ।संयुक्त राष्ट्रसङ्घीय वुमन (युएन वुमन) का कार्यकारी निर्देशक सीमा बहाउसले सो आग्रह गरेका हुन । उनले भनेका छन - अफगानिस्तानको तालिबान सरकारको गरेको यो निर्णय तुरुन्त सच्याउनुपर्छ र उसका कारणले महिलाले अधिकार नपाउन अवस्थाको तत्कालै अन्त्य हुनुपर्छ । शिक्षामा महिलाको पनि समान अधिकार रहेकाले त्यसको सबैले सम्मान गर्नुपर्छ ।तालिबान सरकारका शिक्षा मन्त्रीले यसै हप्ता तालिबान सरकारले सो निर्णय गरेको बताएका थिए । अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट प्रतिबिन्धत गरेको घटनाको सबैतिर विरोध भएको छ । मङ्गलबार



मात्र पनि अफगानिस्तानमा लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले विज्ञप्ति प्रकाशन गरेर यसको विरोध गरेका छन ।उनले यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद भएको धारणा संयुक्त राष्ट्रसंघीय अधिकारीहरुले राखेका छन् ।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन सुरु भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ । उनीहरुलाई धेरै सार्वजनिक स्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरु विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ । तालिबानहरुले यहाँका महिला अधिकारको हनन् गरिरहेकाले संयुक्त राष्ट्रसङ्घीय सभा तथा बैठकहरुमा यस्ता विषयमा कुरा उठाउनुपर्ने धारणा पनि राखिएको छ ।बहाउसले बुधबार एक अपिल जारी गर्दै अफगानिस्तानको विकासका लागि त्यहाँका महिलाको पनि ठूलो योगदान रहेकाले यस्तो निर्णय तत्कालै सच्याएर यहाँका सबै नागरिकले उचित र न्यायपूर्ण रुपमा शिक्षा लिन पाउने अधिकारको रक्षा गर्न पाउनुपर्ने बताएका छन । (रासस/सिन्ह्वा)

# हाइटीलाई तत्काल सहयोग गर्न अपिल

संयुक्त राष्ट्रसङ्घ, ७ पुस
संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले हाइटीलाई तत्कालै सहयोग उपलब्ध गराउन अपिल गरेका छन । संयुक्त राष्ट्रसङ्घीय उपमहासचिव अमिना मोहम्मदले बुधबार सो अपिल गरेका हुन ।

उनले हाइटीको अवस्था दिनप्रतिदिन निकै कमजोर हुदै गएकाले उसलाई तत्कालै मानवीय सहायताको खाँचो रहेको बताएका हुन । उनले भनेका छन - हामीलाइ लागेको छ कि अहिले हाइटीको अवस्था निकै खराब छ, यस्तो अवस्थामा विश्व समुदायले उसलाई सहयोग नगर्ने हो भने अवस्था झन विग्रिँदै जाने अवस्था छ । त्यसैले हाइटीका लागि तत्कालै मानवीय सहायताको खाँचो रहेको छ । त्यहाँको आर्थिक अवस्था नाजुब बन्दै गएको, खाद्य असुरक्षा बढेको र अत्यावश्यकीय वस्तुको आपूर्ति पनि हुन नसकेको अवस्था त छँदैछ, त्यसैमा पनि पछिल्लो समयमा यहाँ सुरक्षाको अवस्था पनि कमजोर भएको बताइएको छ ।

यहाँ विभिन्न आपराधिक समूहहरु जन्मिएका र उनीहरुले लुटपाट पनि मच्चाउने गरेका भन्दै पछिल्लो समयमा हाइटीमा हिंसा बढ्दो रुपमा रहेको देखिएको पनि उनले बताए ।

खाद्य असुरक्षा बढेको, स्वस्थ पानीको अभावमा हैजा तथा झाडापखालाका विरामी बढेको, बालबालिकामा पनि पोषणको अभावमा समस्या बढेको तथा मानिसहरुको आन्तरिक विस्थापित हुनेहरुको संख्या प्रतिदिन बढ्दै गएका कारण यहाँ समस्या उत्पन्न भएकाले आवश्यक मात्रामा अन्तर्राष्टिय सहयोगको खाँचो रहेको उनले बताएका छन । (रासस/सिन्ह्वा)

# फुटबल लेजेन्ड पेले अस्पताल भर्ना

काठमाडौं, ७ पुस । ब्राजिलका महान फुटबल खेलाडी पेलेको क्यान्सर थप फैलिएको छ ।'पेलेको क्यान्सर रोग फैलँदो अवस्थामा छ ।

उनको मिर्गौला र मुटुको विशेष ध्यान राख्नुपर्ने आवश्यकता छ,' पेलेको उपचार गरिरहेको अल्वर्ट आइन्स्टाइन अस्पतालले भनेको छ ।

तीनपटक फिफा विश्वकप उपाधि जितेका ८२ वर्षीय पेले तीन सातादेखि अस्पतालमा उपचाररत गरिरहेका छन् ।

सेप्टेम्बर २०२१ मा पेलेको ठूलो आन्द्राबाट ट्युमर निकालिएको थियो । त्यसयता उनको नियमित उपचार हुँदै आएको छ ।

'हामीले घरमा क्रिसमस मनाउन नपाउने भयौं,' पेलेकी छोरी केली नासिमेन्तोले इन्स्टाग्राममा लेखेकी छन्, ' हामीले चिकित्सकसँग सल्लाह गरेर यहीँ रहने निर्णय गर्‍यौं । किनभने उहाँलाई अस्पतालमै रहनु फाइदा छ ।'

# राजनीतिमा युवाको भूमिका आवश्यक : मुख्यमन्त्री राउत





मधेशदृष्टि
वीरगंज ७ पुस ।
मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मुलुकको सवै पक्षलाई राजनीतिले प्रभाव पार्ने भएको हुदा राजनीतिमा युवाको हस्तक्षेपकारी भूमिका हुनु पर्ने कुरामा जोड दिएका छन् ।

नेपाल जेसिजको ४९ औं राष्ट्रिय महाधिवेशनको विहिवार बीरगंजमा उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले जबसम्म युवाहरुको राजनीतिमा पहुँच हुदैन तबसम्म मुलुक यथास्थितिमा रहने दावी गरे । मुख्यमन्त्री राउतले निर्वाचनबाट देउवा, प्रचण्ड, ओली र नेपालमात्र प्रधानमन्त्री बन्ने हो भन्ने अब मुलुकमा निर्वाचनको नाममा अर्बौ खर्च गरेर कुनै फाईदा छैन भन्दै आलोपालो सिस्टममा प्रधानमन्त्री बनेर देश चलाए हुने दावी गरेका छन् ।

हालै सम्पन्न संसद र प्रदेश सभाको निर्वाचनमा केही युवाहरु आएका छन, तर त्यसले नपुग्ने भन्दै मुख्यमन्त्री राउतले विचार र सोचमा क्रान्तिको आवश्यकता रहेको कुरामा जोड दिए । उनले विधिको शासनलाई प्रमुख एजेण्डा बनाएको जेसिजले व्यक्तित्व, नेतृत्व विकासका साथै युवाहरुलाई उद्यमशिलताको विकासमा लाग्न अभिप्रेरित गरेको बताउदै अब राजनीति नेतृत्वको लागि पनि जेसिजले महत्वपूर्ण भूमिका खेल्नु पर्ने बताए ।

मुख्यमन्त्री राउतले अहिले लाखौं युवा परिवार पाल्नका लागि विदेशिएका छन् भन्दै देशमै रोजगारीको अवसर सृजना गरि विदेश पलायन हुने युवालाई स्वदेशमै रोजगारी दिने तर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने बताए । नेपाल जेसिज २०२२ का राष्ट्रिय अध्यक्ष लालमणी भण्डारीको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा नवनिर्वाचित प्रदेशसभा सदस्य श्याम पटेल, प्रमोद जयसवाल, भारत जेसिजका उपाध्यक्ष राखी जैन लगायतले मन्तव्य व्यक्त गरेका थिए । वीरगंजमा जारी जेसिजको ४९ औं राष्ट्रिय महाधिवेशनमा जेसिजका नेपाल भरका १ सय ७७ शाखाका प्रतिनिधिहरु, अन्य देशबाट आमन्त्रित साथै शुभेच्छुक गरी १५ सय जनाको सहभागिता रहेको छ । महाधिवेशन नयाँ नेतृत्व चयनका साथ पुस १० गते सम्पन्न हुने कार्यक्रम रहेको छ ।

# सांसद प्रदीप यादवद्वारा भोजपुरी भाषामा शपथ



मधेशदृष्टि
वीरगंज पुस ७ ।
पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य प्रदीप यादवले भोजपुरी भाषामा शपथ लिएका छन् । मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनबाट निर्वाचित भएका सांसदहरुलाई नयाँबानेश्वर स्थित संसद भवनमा राखिएको शपथ ग्रहण कार्यक्रममा जसपाका नेता यादवले भोजपुरी भाषामा शपथ लिएका हुन् । शपथ ग्रहणका लागि संसद् भवन पुग्नु अघि सांसद यादवले धोती, कुर्ता र पगडी लगाएको फोटो समेत सामाजिक सञ्जालमा राखेका थिए । साथै उनले भोजपुरी भाषामा शपथ लिने कुरा सामाजिक सञ्जाल मार्फत समेत जानकारी दिएका थिए । सांसद यादवले आफ्नो भाषा र संस्कृतीको संरक्षण र प्रवर्द्धनका लागि भोजपुरी भाषामा शपथ लिनु र मधेशको मौलिक पहिरन धोती कुर्ता र पगडी लगाएर संसद भवन प्रवेश गर्नु आफ्नो लागि ठूलो कुरा भएको बताएका छन् । गत आम निर्वाचनबाट पहिलो पटक सांसद् पदमा निर्वाचित हुँदा समेत यादवले मधेशको मौलिक पहिरन धोती, कुर्ता र पगडी लगाएर भोजपुरी भाषामा शपथ लिएका थिए । भोजपुरी भाषामा शपथ लिनेमा यादव संगै जसपाका सांसद् रामसहाय यादव पनि रहेका छन् ।

शपथ समारोहमा यादवसंगै अधिंकाश सांसदहरुले जातिय पोशाक लगाएका थिए । पुरुष सांसदहरु दौरा सुरुवाल लगाएका थिए भने महिला सांसदहरुले आ-आफ्नो जातीय पोशाक लगाएका छन् । कतिपय सांसदहरुले औपचारिक पोशाक लगाएर संसदमा भवन पुगेका थिए ।

## विपन्न वर्गलाई राहत

# मासिक ३० युनिटसम्म विद्युत महसुल महानगरले तिर्ने

मधेशदृष्टि
वीरगञ्ज पुस ७ ।
वीरगञ्ज महानगरपालिकाले विपन्न वर्गका नगरवासीहरुलाई लक्षित गर्दै मासिक ३० युनिटसम्मको विद्युत खपतको विल बराबरको रकम ब्यहोर्ने भएको छ ।

निर्वाचनका बेला जनताकाबीच गरेको प्रतिबद्धता अनुसार नगरवासीको विद्युत महसुल निशुल्क गर्ने सम्झौता भएको बताए । आफू निर्वाचित भएसँगै नगर प्रमुखको सपथ ग्रहण गरेकै दिन सिंहले आयोजित कार्यक्रममा ३० युनिट सम्मको सम्पूर्ण ग्राहकको मासिक विद्युत महशुल पनि महानगरले नै व्यहोर्ने भएको छ । महानगरले प्राधिकरणको खातामा अग्रिम रकम भुक्तानी गर्ने र त्यँही अनुरुप प्राधिकरणले हरेक महिना रिबेटसहितको ग्राहकको



वीरगंज महानगरपालिका र विद्युत प्राधिकरण वीरगंज वितरण केन्द्रबीच विहिबार भएको सम्झौतामा यहि पुस महिना देखिको नगरवासीको ३० युनिटसम्मको विद्युत महसुल नि:शुल्क हुने भएको कुरा उल्लेख गरिएको छ । मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने प्रयोगकर्ताको न्यूनतम शूल्क र इनर्जी शुल्क महानगरले नै भुक्तानी गर्ने सम्झौतामा उल्लेख छ ।

विहिबार अपरान्ह महानगरको सभाहलमा आयोजित पत्रकार सम्मेलनकाबीच नगरप्रमुख राजेशमान सिंहले आफूहरुले विद्युत महशुल निशुल्क गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले उक्त निर्णय नगरपरिषद्बाट समेत पारित भएको जानकारी दिए । विद्युत प्राधिकरण सँग भएको ८ बुँदे सम्झौता पत्रमा महानगरपालिका भित्रका ग्राहस्थ (घरेलु) मिटरमा ५ र १५ एम्पीअरको एमसिबी प्रयोग गरी अधिकतम् ३० युनिट खपत गर्ने ग्राहकको विद्युत महशुल र न्युनतम मासिक महशुल महानगरले व्यहोर्ने उल्लेख गरिएको छ । महानगरभित्र संचालित सिंगल फेज कृषि मिटरको शुल्क फस्र्यौट गर्ने उल्लेख छ । विपन्न नगरवासीलाई लक्षित गरी प्रति घर मासिक ३० युनिटसम्म विद्युत महसुल र इनर्जी शुल्क निशुल्क गर्ने मधेश प्रदेशकै पहिलो पालिकाको रुपमा वीरगज महानगरपालिका रहेको छ । सम्झौतामा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल र नेपाल विद्युत प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख जितेन्द्र कुमार झा र सिमरा वितरण केन्द्रका प्रमुख रामु श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

# सिमरा विमानस्थलका उडान प्रभावित

मधेशदृष्टि
बीरगंज, पुस ७ ।
चिसोका कारण बाराको जितपुरसिमरा उपमहानगरपालिकास्थित सिमरा विमानस्थलबाट हुने उडान प्रभावित भएको छ ।

मधेश प्रदेश अन्तर्गत पर्सा, बारा र रौतहटलगायत छिमेकी मुलुक भारतका यात्रुहरुलाई सेवा प्रदान गर्दै आएको उक्त विमानस्थलबाट हुने उडान प्रभावित भएको हो । विनानस्थलका सूचना अधिकारी सुरेन्द्र कुशवाहाले विहिबार बिहानदेखि अनुसूचित तिनवटा उडान रद्द भएको जानकारी दिएका छन् । उनका अनुसार बुद्ध एयरलाइन्सका दुई र यती एयरलाईन्सका १ गरी ३ उडान रद्द भएको हो । विहिबार विहानैदेखि लागेको बाक्लो हुस्सु तथा कुहिरोले कम भिजीबिलीटी हुँदा उडान रद्द गर्नुपरेको उनको भनाई छ । सिमरा विमानस्थलबाट दैनिक बुद्ध एयरलाइन्सको ७ र यती एयरलाइन्सको २ गरी ९ वटा उडान हुने गरेको छ । यसैगरी चिसोका कारण तराई क्षेत्रका बासिन्दाको जनजिवन प्रभावित भएको छ । बुधवारसम्म बिहान कुहिरो लागेपनि दिउँसो घाम लाग्ने गरेकोमा विहिवार घाम समेत लाग्न नसकेको हुँदा अत्याधिक चिसो बढेको छ ।

# महानपाका सबै वडामा आगो ताप्ने व्यवस्था



मधेशदृष्टि
वीरगञ्ज पुस ७।
वीरगंज महानगरपालिकाको विपद व्यवस्थापन समितिको विहिबार सम्पन्न वैठकले केहि दिन यता शितलहर र कठ्याग्रिदो जाडोले नगर क्षेत्रको जनजीवन प्रभावित भएसँगै तत्काल आगो बाल्ने देखि राहतका कार्यक्रम अगाडि बढाएको छ ।

वीरगञ्ज महानगरपालिकाले ३२ वटै वडामा आगो ताप्ने व्यवस्था मिलाउने तथा विपन्न वर्गलाई न्यानो कपडा वितरण लगायतका कार्यक्रम शुरु गर्न लागेको छ । वीरगंज महानगरपालिकाका ३२ वटै वडाका सम्बन्धित वडाअध्यक्षहरुको समन्वयमा महानगरपालिकाले आवश्यक परेका स्थानमा आगो बाल्न दाउरा उपलब्ध गराउने निर्णय बैठकले गरेको छ । बैठकले बजार क्षेत्रलाई मध्यनजर गर्दै रातमा सडक तथा चौरमा खुला आकाशमुनी रात विताउन बाध्य भएका अति विपन्नहरुलाई जाडो महिनाभर राति सुत्नका लागि बसेराको निर्माण गर्ने निर्णय पनि गरेको छ । यस्तै बैठकले अति विपन्न, ज्येष्ठ नागरिक, एकल महिलालाई न्यानो कपडा पनि उपलब्ध गराउने निर्णय गरेको छ । महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले जाडो सुरु भइसकेकाले अब छिट्टै चोकचोकमा आगो ताप्ने व्यवस्था मिलाउनका लागि तत्काल आवश्यक स्थानको पहिचान गरेर जानकारी दिन वडा अध्यक्षहरुलाई आग्रह गरे । महानगरपालिकाले डिभिजन वन कार्यालयसँग आवश्यक दाउरा माग गरेको र अहिले वन कार्यालयले ८ चट्टा दाउरा उपलब्ध गराउने जनाएको नगर प्रमुख सिंहले बैठकमा जानकारी दिए ।

कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेश तिमल्सिनाले जाडोका कारण समस्या आउन नदिन सबैको सहयोग आवश्यक रहेको बताए । वडा नम्वर ४ का वडाध्यक्ष जगत साहले विपत जोखिम नक्सांकन गरेर काम गर्न सकिए शितलहर तथा अन्य विपतबाट बँच्न सहज हुने भन्दै त्यसतर्फ अगाडि बढ्न सुझाव दिए । यस्तै बैठकले छिमेकी देश भारत र चीन दुबैतर्फ फेरि पनि कोरोना संक्रमण बढीरहेकाले आवश्यक स्वास्थ्य सुरक्षा सतर्कता अपनाउन सचेतना कार्यक्रमहरु गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा महानगरपालिकाका उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, विभिन्न वडाका वडाअध्यक्षहरु, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, महानगरका विभिन्न शाखाका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो ।

# लैंगिक हिंसा सम्वन्धि गोष्ठि

मधेशदृष्टि - वीरगंज, पुस ७ ।
एक्सन एड नेपाल र दिब्य युवा क्लब बिरन्चीवर्वाको संयुक्त साझेदारीमा स्थानिय अधिकार कार्यक्रम अन्तर्गत लैगिक हिंसा निवारण कोष कार्यन्वयन प्रभावकारीता र चुनौती विषयक जिल्ला स्तरिय कार्याशाला गोष्ठी विहिवार वीरगंजमा सम्पन्न भएको छ । क्लबका अध्यक्ष उमेश चौहानको अध्यक्षतामा र पकहामैनपुर गाउपालिकाका अध्यक्ष सुरेश मेहताको उपस्थितिमा सम्पन्न कार्यक्रममा अधिवक्ता हरेराम सरार्फले कार्यपत्र परस्तुत गरेका थिए । कार्यक्रममा स्थानिय तहका प्रमुखहरु, सामाजिक संघ संस्थाका पदाधिकारी लगायतको सहभागिता रहेको थियो ।

# नेपाल टी २० क्रिकेट लिग शनिवारदेखि हुने

मधेशदृष्टि
जनकपुरधाम, पुस ७ ।
पहिलो संस्करणको नेपाल टी-२० लिग क्रिकेट प्रतियोगिता एक दिन पर सरेको छ । प्रतियोगिताका लागि शुक्रवार मिति तोकिएपनि प्राविधिक कारण देखाई नेपाल क्रिकेट संघ (क्यान) ले एक दिन समय अघि सारेर शनिवारका लागि निर्धारित गरेको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गरिरहेको प्रतियोगिता शुक्रबारबाट सुरु हुने पूर्वनिर्धारित तालिका थियो । तर, लिग सञ्चालनको आवश्यक तयारी पूरा नगरेका कारण निर्धारित मिति सारिएको क्यानले एक विज्ञप्ति जारी गरी जनाएको छ । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले खेलाडीको श्रम स्वीकृति प्रक्रिया ढिला सहितका आवश्यक तयारीको कमी भएकाले प्रतियोगिता केही दिन पर सारिएको विज्ञप्तिमा भनेका छन । ६ फ्रेन्चाइज टिमको सहभागितामा हुन लागेको लिग यो तेस्रोपटक सरेको हो ।

सो टी २० प्रतियोगितामा विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, लुम्बिनी/भैरहवा र सुदूरपश्चिमले सहभागी हुनेछ । क्यानले जेठ ४ गते एक पत्रकार सम्मेलन गरी असोज ८ देखि कात्तिक ५ सम्म नेपाल टी-२० लिग हुने जानकारी गराएको थियो । तर आवश्यक तयारी पुरा नभएको भन्दै तेश्रो पटक मिति सारिसकेका छन ।

रोजगार बनौ ! Admission Open रोजगार बनौ !
जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र सु-प्रसिद्ध तालिम केन्द्र
शंकर टेक्निकल
शैक्षिक सत्र २०७९/०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट खाली रहेको हुनाले C.T.E.V.T. को कुनै पनि संकायबाट प्रवेश परिक्षा उतिर्ण विद्यार्थीहरुले ७ दिन भित्र आफनो शैक्षिक प्रमाण पत्र सहित निवेदन दिन हुनकालागि जानकारी गराउँद छौ ।संचालनका लागि आवदेन फारम भर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना !
DIPLOMA PROGRAMMS
ल्याव टेक्निसियन (C.M.L.T.) ३ बर्षे
PRE-DIPLOMA PROGRAMMS
बिद्युत सब-ओभरसियर (E.S.O.) १८ महिने ।
सिभिल सब-ओभरसियर (C.S.O.) १८ महिने ।
सर्भे ईन्जिनियरिंग (अमिन नाप) १८ महिने ।
कोर्षहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि-डिपलोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नोसिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।
सम्पर्क स्थान:
शंकर टेक्निकल ट्रनिङ्ग सेन्टर
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
☎041–421362, 9812091464, 9854020564, 9844038367

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल